# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ७० | काठमाडौं | बिहीबार, १८ असार २०८३ | Prabhab National Daily | Thursday, 2 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


नेपाल र जर्मन राजदूतावासको प्रस्टीकरण

## राहदानी खरिद प्रकरणमा कुनै दबाब छैन

जर्मन सरकारले कटुतापूर्वक प्रतिक्रिया दिएको भन्ने कुरामा कुनै सत्यता छैन । उक्त भेटघाट अन्य भेटघाटझैं सौहार्द्रपूर्ण खरहेको थियो ।

**शिशिर खनाल**
परराष्ट्रमन्त्री

बर्लिनस्थित नेपालका कार्यवाहक राजदूतलाई जर्मनीको संघीय परराष्ट्र मन्त्रालयमा एउटा बैठकका लागि निम्त्याइएको थियो, स्पष्टीकरणका लागि बोलाइएको थिएन ।

**जर्मन राजदूतावास**
काठमाडौं






**जेबी योञ्जन**

**काठमाडौं**– राहदानी खरिद प्रक्रियाबारे सार्वजनिक भएका विवरणलाई नेपाल सरकार र काठमाडौंस्थित जर्मन दूतावासले संयुक्तरूपमा खारेज गरेका छन् । विवाद बढ्दै जाँदा राजनीतिक र कूटनीतिक बहस चुलिएका बेला परराष्ट्रमन्त्री शिशिर खनालले राष्ट्रिय सभामा र काठमाडौंस्थित जर्मन राजदूतावासले सामाजिक सञ्जालमार्फत स्पष्टीकरण दिँदै सार्वजनिक भएका केही समाचारलाई 'मिथ्या' र 'भ्रामक' भनेका हुन् ।

दुवै पक्षको स्पष्टीकरणको निष्कर्ष हो- जर्मनीले नेपाल सरकारलाई राहदानी खरिद प्रकरणमा कुनै औपचारिक विरोधपत्र दिएको छैन, न त नेपाललाई कुनै प्रकारको चेतावनी नै दिएको छ ।

हालै राहदानी खरिद प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान अघि बढाइरहेका बेला जर्मन सरकारले बर्लिनस्थित नेपाली कार्यवाहक राजदूतलाई बोलाएर असन्तुष्टि जनाएको र त्यसले नेपाल-जर्मनी सम्बन्धमा असर पार्न सक्ने चेतावनी दिएको भन्ने समाचार सार्वजनिक भएको थियो । त्यसैको खण्डन गर्न नेपाल र जर्मनी दुवैले औपचारिक धारणा सार्वजनिक गरेका हुन् । परराष्ट्रमन्त्री शिशिर खनालले जर्मन विदेश मन्त्रालयका अधिकारीसँग बर्लिनस्थित नेपाली कार्यवाहक राजदूतको भेट भएको स्वीकार गरे । तर, त्यसलाई सामान्य कूटनीतिक संवादका रूपमा व्याख्या गर्दै कुनै कटुतापूर्ण प्रतिक्रिया नभएको स्पष्ट पारे ।

'जर्मन सरकारले कटुतापूर्वक प्रतिक्रिया दिएको भन्ने कुरामा कुनै सत्यता छैन । उक्त भेटघाट अन्य भेटघाटझैं सौहार्द्रपूर्ण रहेको थियो । कार्यवाहक राजदूतसँगको भेटका क्रममा आफ्नो मुलुकका कम्पनीहरूका सम्बन्धमा चासो राख्नु स्वाभाविक नै हो,' उनले बुधबार प्रतिनिधिसभा बैठकमा भने ।

उनका अनुसार नेपाल र जर्मनीबीच लामो समयदेखि घनिष्ठ र सहयोगात्मक सम्बन्ध रहँदै आएको छ । त्यही सम्बन्धका आधारमा दुवै देशबीच यस्ता संवाद भइरहनु सामान्य अभ्यास भएको उनको भनाइ छ । राहदानी खरिद प्रकरणबारे जर्मन पक्षले चासो राखे पनि नेपालले कानुनी प्रक्रियाअनुसार विषय अघि बढिरहेको जानकारी गराएको मन्त्री खनालले बताए । 'भेटघाटका क्रममा कार्यवाहक राजदूतले राहदानी खरिदसम्बन्धी विषय हाल न्यायिक निकायमा विचाराधीन रहेकोले सोको निरूपण नेपालको कानुनअनुसार हुने जानकारी गराउनुभएको छ,' उनले भने ।

मन्त्री खनालको भनाइमा जर्मन पक्षले आफ्ना कम्पनीबारे चासो राख्नु अस्वाभाविक होइन । तर, त्यसलाई नेपालमाथिको दबाब वा कूटनीतिक असन्तुष्टिका रूपमा व्याख्या गर्नु तथ्यसँग मेल नखाने उनको तर्क छ । यता, काठमाडौंस्थित जर्मन राजदूतावासले पनि सामाजिक सञ्जालमार्फत तीनबुँदे स्पष्टीकरण जारी गर्दै सार्वजनिक भएका समाचारको खण्डन गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## बालबालिकालाई सदस्यता दिएको विषयमा रास्वपा रक्षात्मक

### मानवअधिकार आयोगले माग्यो सदस्यताको विस्तृत विवरण

निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय बालअधिकार परिषद् तथा सम्बन्धित निकायहरूलाई यस विषयमा आवश्यक छानबिन गरी प्रचलित कानुनबमोजिम आवश्यक कदम चाल्नुपर्छ ।

**तिलोत्तम पौडेल**
अध्यक्ष, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान

महाधिवेशनमा प्रस्तुत गरिएको भनिएको प्रतिवेदनमा १८ वर्षमुनिका बालबालिकालाई सो पार्टीबाट सदस्यता वितरण गरिएको भए त्यस्तो कार्य प्रचलित नेपाल कानुन र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताविपरीत हुने हुँदा उनीहरूलाई पार्टी सदस्यता वितरण भए नभएको सम्बन्धमा यथाशीघ्र विस्तृत जानकारी उपलब्ध गराउनू ।

**राष्ट्रिय मानवअधिकार आयोग**




**प्रभाव संवाददाता**

**काठमाडौं**– ३५ हजार २५७ जना बालबालिकालाई सदस्य बनाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चौतर्फी विरोधपछि रक्षात्मक बनेको छ । कानुनीले १८ वर्षमुनिका बालबालिकालाई राजनीतिक दलको सदस्यता लिन बन्देज गरे पनि चितवनमा सम्पन्न महाधिवेशनको बन्दसत्रमा रास्वपाले उक्त संख्यामा बालबालिका सदस्य रहेको प्रतिवेदन पेस गरेको थियो ।

यस विषयमा मानवअधिकार आयोगदेखि सार्वजनिकरूपमा विरोध हुन थालेपछि रास्वपाले त्यस्तो सदस्यता भेटिए खारेज गर्ने जनाएको छ । 'प्रमाणीकरण सम्पन्न भइसकेका अभिलेखकोसमेत पुनः परीक्षण गरी आधिकारिक कागजातसँग पूर्णरूपमा मेल खाने सदस्यता अभिलेखमात्र कायम गरिने छ । यस क्रममा प्राविधिक वा मानवीय त्रुटिका कारण १८ वर्षभन्दा कम उमेरका कुनै व्यक्तिको सदस्यता गल्तीले स्वीकृत भएको पाइएमा त्यस्तो सदस्यता तत्काल खारेज गरिने छ,' बुधबार रास्वपा महासचिव विपिन आचार्यले विज्ञप्ति जारी गर्दै भनेका छन् ।

यसअघि आयोगले रास्वपालाई पत्र पठाउँदै बालबालिकालाई सदस्यता वितरण गरे वा नगरेको सम्बन्धमा जानकारी मागेको थियो । 'महाधिवेशनमा प्रस्तुत गरिएको भनिएको प्रतिवेदनमा १८ वर्षमुनिका बालबालिकालाई सो पार्टीबाट सदस्यता वितरण गरिएको भए त्यस्तो कार्य प्रचलित नेपाल कानुन र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताविपरीत हुने हुँदा उनीहरूलाई पार्टी सदस्यता वितरण भए नभएको सम्बन्धमा यथाशीघ्र विस्तृत जानकारी उपलब्ध गराउन राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को दफा २१(१) अनुसार अनुरोध गरिएको छ,' आयोगले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

### के हुन्छ रास्वपालाई सजाय ?

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलका अनुसार बालबालिकालाई पार्टी सदस्यता दिनु कानुनविपरित कार्य हो । नेपालको संविधानले बालबालिकाको हकसम्बन्धी व्यवस्था गरेको छ । संविधानको धारा ३९ मा बालबालिकालाई कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । यसको व्याख्या बालबालिकासम्बन्धी ऐन, निर्वाचनसम्बन्धी विभिन्न ऐनले पनि गरेका छन् ।

बालबालिकासम्बन्धी ऐन २०७५ ले १८ वर्ष पूरा नगरेकालाई नबालक भनेको छ । बालबालिकासम्बन्धी ऐनले नै बालबालिकालाई राजनीतिक उद्देश्य प्राप्त गर्नका लागि प्रयोग गर्न नपाउने व्यवस्था गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## मोबाइल एपबाट स्क्यान नगर्न तीन तहकै सरकारलाई निर्देशन

**काठमाडौं (प्रस)**– सरकारले सरकारी कामकाजका आधिकारिक कागजात मोबाइल एप प्रयोग गरेर स्क्यान नगर्न तीनै तहको सरकारलाई निर्देशन दिएको छ । बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तीनै तहका सरकारलाई यस्तो निर्देशनसहितको परिपत्र पठाएको हो ।

कार्यालयको सूचना प्रविधि शाखाले यो कदम डिजिटल सुरक्षा र तथ्यांक गोपनीयता सुनिश्चित गर्नका लागि चालिएको जनाएको छ । 'बजारमा उपलब्ध विभिन्न मोबाइल स्क्यानिङ एप (जस्तैः क्याम स्क्यानर) प्रयोग गर्दा स्क्यान गरिएका सामग्रीहरू विदेशी सर्भरहरूमा पुग्ने र भण्डारण हुने जोखिम उच्च रहन्छ,' शाखाले भनेको छ, 'यसरी राज्यका नीतिगत निर्णय, गोप्य टिप्पणी र संवेदनशील दस्ताबेजहरू डिजिटल माध्यमबाट बाहिरिनु राष्ट्रिय सुरक्षाका लागि ठूलो चुनौती हो ।'

सरकारी अधिकारीहरूले विभिन्न विषयको विधेयकहरू बनाउने क्रममा मस्यौदाको फोटो क्याम स्क्यानरमार्फत फोटो खिचेर पिडिएफ बनाउँदै आएका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीलाई एजेण्टमुक्त बनाउने 'अपरेसन इलिगल एजेण्ट क्लिन-अप' अभियान



कानुनले एजेण्टहरूलाई मान्यता दिएको छैन, तर व्यवहारमा उनीहरु अघोषितरूपमा सक्रिय भएका कारण यो अभियान प्रभावकारीरूपमा सुरू गरिएको हो ।

**रामजी यादव**
श्रममन्त्री




**प्रभाव संवाददाता**

**काठमाडौं**– सरकारले सुरक्षित वैदेशिक रोजगारीका लागि भन्दै नयाँ अभियान थालेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले विशेष वेबसाइट र मोबाइल एप नै बनाएर 'अपरेसन इलिगल एजेण्ट क्लिन-अप' सुरु गरेको हो ।

श्रममन्त्री रामजी यादवले मंगलबार अभियानको घोषणा गर्दै अवैधरूपमा सक्रिय एजेण्ट हटाएर वैदेशिक रोजगारीको बेथिति अन्त्य गर्नु यसको प्रमुख उद्देश्य रहेको बताए । 'कानुनले एजेण्टहरूलाई मान्यता दिएको छैन, तर व्यवहारमा उनीहरू अघोषितरूपमा सक्रिय भएका कारण यो अभियान प्रभावकारीरूपमा सुरु गरिएको हो,' मन्त्री यादव भने ।

वैदेशिक रोजगारीमा एजेण्टबाट श्रमिक ठगिने क्रम वर्षौंदेखि चल्दै आएको थियो ।

क्रमशः पृष्ठ २ मा

### के कुराको उजुरी दिने ?

- वैदेशिक रोजगारका लागि गैरकानुनी शुल्क असुल गरेमा
- झूटो जागिरको प्रस्ताव वा नक्कली कागजात प्रदान गरेमा
- नेपाली कामदारको शोषण वा तस्करी गरेमा
- सहमतिविना जबरजस्ती श्रम गराएमा
- पैसा लिएर गायब भएमा वा सम्पर्क टुटाएमा
- मान्य इजाजतविना भर्ती व्यवसाय सञ्चालन गरेमा

### लाखौं ठगीको अभियोगमा पाँच जना पक्राउ

**काठमाडौं (प्रस)**– वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै ठगेको अभियोगमा पाँच जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समचारकक्षका अनुसार काठमाडौं महानगरपालिका-१५ निवासी सरिब गिरी, चन्द्रागिरि नगरपालिका-८ की रामदास महर्जन, सिन्धुपाल्चोकका वाङ्दी लामा, रामेछापका ललितबहादुर तामाङ र धादिङकी सन्तोषी लामालाई पक्राउ गरिएको हो ।

अभियुक्त सरिबले क्यानडाको लोभ देखाएर एक जनाबाट २० लाख रूपैयाँ, रामदासले युएईको रोजगारीको प्रलोभनमा सात जनाबाट ४५ लाख रूपैयाँ, वाङ्दीले अजरबैजान पठाइदिन्छु भन्दै एक जनाबाट ५० हजार रूपैयाँ, ललितबहादुरले कोसोभो पठाइदिने भनेर दुई लाख ५० हजार रूपैयाँ र सन्तोषीले स्पेन पठाउने बहानामा एक जनाबाट १५ लाख रूपैयाँ ठगेको उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट भएको प्रहरी टोलीले विभिन्न स्थानबाट पक्राउ गरेको हो । कारबाहीका लागि सबै अभियुक्तलाई वैदेशिक रोजगार विभाग पुऱ्याइएको प्रहरीले जानकारी दिएको छ ।


### विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

**पृष्ठ १ बाट क्रमशः**

## बालबालिकालाई...

महाधिवेशनको बन्दसत्रमा तत्कालीन महामन्त्री कविन्द्र बुर्लाकोटीले पेस गरेको सांगठनिक प्रतिवेदनमा रास्वपाको सदस्यता लिनेको संख्या पाँच लाख २३ हजार ४५६ रहेको उल्लेख गरिएको थियो । प्रतिवेदनमा रास्वपाका सदस्यमा सबैभन्दा ठूलो संख्या १८ देखि ४५ वर्ष उमेर समूहकाको रहेको देखाइएको थियो । प्रतिवेदनअनुसार रास्वपाको सदस्यता लिनेमा १८ वर्षमुनिका ३५ हजार २५७ जना, ४६ देखि ६५ वर्षका ९८ हजार ८५७ जना, ६५ वर्षभन्दा माथिका १३ हजार ६८२ जना र उमेर नखुलेका ४० हजार १९१ जना रहेका थिए ।

रास्वपाले १८ वर्षमुनिका बालबालिकालाई सदस्यता बनाएको विषय सार्वजनिक भएपछि आयोगले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । 'राष्ट्रिय स्वतन्त्र पार्टीले १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई दलको सदस्यता वितरण गरेको भनी राष्ट्रिय मानवअधिकार आयोगमा प्राप्त जानकारी तथा विभिन्न सञ्चारमाध्ययमा सार्वजनिक भएका सूचनाको आधारमा सो पार्टीको केन्द्रीय कार्यालयसँग जानकारी माग गरी मिति २०८३ असार १५ गते यस आयोगबाट पत्राचार गरिएको छ,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (क) मा १८ वर्ष पूरा भएको व्यक्तिमात्र राजनीतिक दलका सदस्यता लिन पाउँछन् । रास्वपाको विधानमासमेत १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिकमात्र पार्टी सदस्य हुने व्यवस्था रहेको छ । रास्वपाले उक्त व्यवस्थाको उल्लंघन गरेको हो ।

**तत्काल सुधार गर्ने रास्वपाको प्रतिबद्धता**

रास्वपा महामन्त्री आचार्यले बालबालिकालाई कानुनविपरीत पार्टी सदस्य बनाउने आफ्नो पार्टीको नियत नभएको दाबी गरेका छन् । '१८ वर्षभन्दा कम उमेरका बालबालिकालाई पार्टी सदस्य बनाउने वा राजनीति गतिविधिमा पार्टी सदस्यका रूपमा संलग्न गराउने कार्य न राष्ट्रिय स्वतन्त्र पार्टीको नीति हो, न अभ्यास हो, न त कुनै संस्थागत उद्देश्य नै हो,' आचार्यले भनेका छन् ।

रास्वपाले १८ वर्षभन्दा कम उमेर देखिने विवरणलाई प्रणालीमार्फत पुनः परीक्षण गरी त्यस्ता आवेदनलाई सदस्यता स्वीकृतिको प्रक्रियामा अगाडि बढ्न नदिने प्राविधिक नियन्त्रण लागू गर्ने जनाएको छ । 'पर्याप्त परीक्षण तथा प्रमाणीकरण सम्पन्न नहुँदै प्रारम्भिक आवेदन विवरणमा आधारित कच्चा तथ्यांक महाधिवेशनको सार्वजनिक प्रतिवेदनमा समावेश हुन पुगेकोमा र यसबाट आमनागरिक, सञ्चारमाध्यम तथा सम्बन्धित सरोकारवालामा भ्रम वा अन्योल उत्पन्न हुन गएकोमा राष्ट्रिय स्वतन्त्र पार्टी दुःख व्यक्त गर्दछ,' विज्ञप्तिमा भनिएको छ, 'साथै, सम्पूर्ण विवरणको पुनः परीक्षण गरी आवश्यक संशोधन तथा अद्यावधिक तथ्यांक यथाशीघ्र सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । राष्ट्रिय स्वतन्त्र पार्टी विधिको शासन, संविधानको सर्वोच्चता, सुशासन, पारदर्शिता तथा प्रचलित कानुनको पूर्णपालना गर्न सदैव प्रतिबद्ध रहेको पुनः स्पष्ट गर्दछ ।'

■■■

## राहदानी खरिद...

राजदूतावासले पहिलो बुँदामै बर्लिनस्थित नेपाली कार्यवाहक राजदूतलाई स्पष्टीकरणका लागि नभई नियमित बैठकका लागि निमन्त्रणा गरिएको जनाएको छ । 'बर्लिनस्थित नेपालका कार्यवाहक राजदूतलाई जर्मनीको संघीय परराष्ट्र मन्त्रालयमा एउटा बैठकका लागि निम्त्याइएको थियो, स्पष्टीकरणका लागि बोलाइएको थिएन । यो सानो भिन्नता जस्तो लाग्न सक्छ तर कूटनीतिक अभ्यासमा यसको अर्थ हुन्छ,' दूतावासले जनाएको छ ।

राजदूतावासले दोस्रो बुँदामा भेटका क्रममा कुनै औपचारिक विरोधपत्र नदिइएको प्रस्ट पारेको छ । तेस्रो बुँदामा न्यायिक प्रक्रियाको नतिजाका आधारमा सम्भावित परिणामबारे कुनै चेतावनी नदिइएको स्पष्ट पारिएको छ । 'न्यायिक प्रक्रियाको नतिजाका आधारमा आउन सक्ने सम्भावित परिणामबारे कुनै चेतावनी दिइएको थिएन,' दूतावासले उल्लेख गरेको छ । राजदूतावासले जर्मनीले न्यायपालिकाको स्वतन्त्रतालाई पूर्ण सम्मान गर्ने नीति अपनाउँदै आएको उल्लेख गर्दै अदालतमा विचाराधीन विषयमा टिप्पणी नगर्ने परम्परा रहेको पनि स्मरण गराएको छ ।

यद्यपि, राहदानी खरिद प्रकरणले राहदानी सेवामा असर पर्ने हो कि भन्ने जनचासो भने बढेको छ । अख्तियारले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल, सूचना प्रविधि निर्देशक सुनीलकुमार केसी र तत्कालीन लेखा अधिकृत तुलसीप्रसाद आचार्यलगायतविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ । तर, परराष्ट्र मन्त्रालयले राहदानी अभाव हुन नदिने प्रतिबद्धता दोहोर्‍याएको छ । मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले प्रभावसँग भने, 'मन्त्रालय र राहदानी विभागले सेवा नियमित राख्न आवश्यक तयारी गरिरहेका छन् । समस्या नहोला ।'

उनले नागरिकलाई राहदानी सेवाबारे चिन्ता नगर्न आग्रह गर्दै भने, 'राहदानी सेवा नियमित रहने विषयमा निश्चिन्त रहन हामी सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।'

राहदानी विभागले सन् २०२५ को जुनमा जर्मनीका भेरिडोस कम्पनीलाई राहदानी बुकलेट र म्युल्बउर आइडी सर्भिसलाई सफ्टवेयर तथा तथ्यांक व्यवस्थापन प्रणालीको ठेक्का दिएको थियो । दुई जर्मन कम्पनीले ६४ लाख राहदानी उत्पादन र व्यवस्थापनको जिम्मा पाएका थिए । तर, उक्त ठेक्का प्रक्रिया विवादमा परेपछि फ्रान्सेली कम्पनी इडेमियाले सर्वोच्च अदालतमा चुनौती दिएको थियो ।

त्यसपछि प्रक्रिया लम्बिँदा राहदानी अभावको अवस्था सिर्जना भएको थियो । बीचमा आन्दोलनका क्रममा छ हजारभन्दा बढी राहदानी जलेर नष्ट भएपछि सरकारले तत्काल राहतका लागि फेरि इडेमियाबाट सात लाख राहदानी खरिद गर्ने निर्णय गरेको थियो । अहिले तीमध्ये करिब ७० हजार राहदानीमात्रै मौज्दात रहेको सरकारी तथ्यांक छ ।

राहदानी खरिद प्रकरणमा अनुसन्धान र अदालती प्रक्रिया जारी रहेका बेला नेपाल र जर्मनीले दिएको पछिल्लो स्पष्टीकरणले विवादलाई कूटनीतिक तनावका रूपमा नभई नियमित अन्तरसरकारी संवादका रूपमा बुझ्न आग्रह गरेको देखिन्छ । दुवै पक्षले कानुनी प्रक्रियाको सम्मान गर्दै नेपाल-जर्मनी सम्बन्धमा कुनै कटुता नरहेको स्पष्ट सन्देश दिएका हुन् ।

■■■

## के हुन्छ...

यो ऐनको दफा ७ (७) मा भनिएको छ, 'कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यका लागि प्रयोग गर्न पाइने छैन ।' यस्तो कार्य गरेबापत ५० हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

'यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत अन्य कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्राअनुसार पचास हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने छ,' ऐनमा भनिएको छ ।

'बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)' का अध्यक्ष तिलोत्तम पौडेलले रास्वपालाई रास्वपको यो कार्यमा विभिन्न निकायले छानबिन गर्नुपर्ने बताए । 'निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय बालअधिकार परिषद् तथा सम्बन्धित निकायहरूलाई यस विषयमा आवश्यक छानबिन गरी प्रचलित कानुनबमोजिम आवश्यक कदम चाल्नुपर्छ,' पौडेलले विज्ञप्तिमार्फत भनेका छन् ।

■■■

## मोबाइल एपबाट...

त्यसैगरी पुराना कागजातलाईसमेत क्याम स्क्यानरले सफा बनाउने र मिलाएर राख्ने भएकाले यो एप लोकप्रिय बन्दै आएको छ । विभिन्न कागजातमा भएका मधुरा अक्षरसमेत प्रस्ट देखिनेगरी स्क्यानिङ गर्दा ती दस्तावेज बाहिरिने आशंकामा सरकारकाले यस्तो निर्देशन दिएको हुन सक्ने प्रविधिविज्ञहरू बताउँछन् ।

परिपत्रमा सरकारी कामकाजमा प्रयोग हुने आधिकारिक कागजातहरूको गोपनीयता र सुरक्षित अभिलेखीकरणको सुनिश्चित गर्नु प्रत्येक कार्यालय तथा कर्मचारीको दायित्व भएको प्रस्ट पारिएको छ । हाल सरकारी कार्यालयहरूमा मोबाइल क्यामराबाट कागजात स्क्यान गर्ने वा तस्बिर खिची सरकारी पत्राचार, निर्णय र अभिलेखका लागि प्रयोग गर्ने प्रवृत्ति बढ्दै जाँदा संवेदनशील सूचनाहरू अनधिकृत व्यक्तिको हातमा पुग्न सक्ने खतरा बढेको शाखाको दाबी छ ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार सरकारी कागजात मोबाइल एपबाट स्क्यान गर्दा राष्ट्रिय सुरक्षा र गोपनीयता पूर्णरूपमा असुरक्षित हुन्छ । धेरैजसो मोबाइल स्क्यानिङ एपहरूले प्रयोगकर्ताका तथ्यांकमा सीधै पहुँच राख्छन् र ती तथ्यांकहरू कस्ता सर्भरमा कसरी सुरक्षित राखिएका छन् भन्ने कुनै ग्यारेण्टी हुन्न ।

'राज्यका संवेदनशील दस्तावेजहरू यसरी डिजिटल माध्यमबाट बाहिरिनु तथ्यांक गोपनीयताको गम्भीर उल्लंघन हो । त्यसैले यो निर्देशनलाई प्राविधिक सजगतामात्र नभई राष्ट्रिय सुरक्षाको अनिवार्य कदमका रूपमा बुझ्नुपर्छ,' दाहालले भनेकी छन् ।

■■■

## वैदेशिक रोजगारीलाई ...

श्रमिकसँग अनधिकृतरूपमा पैसा लिएर ठगी गरेका घटनाहरू बारम्बार सार्वजनिक हुँदै आएका छन् । पछिल्लो समय सरकारले कडाइ गरे पनि एजेण्टबाट हुने ठगी पूर्णरूपमा नियन्त्रण हुन सकेको छैन । यही अवस्थालाई मध्यनजर गर्दै मन्त्रालयले 'अपरेसन इलिगल एजेण्ट क्लिन-अप' सुरु गरेको बताइएको छ ।

वि.सं. २०५६ सालदेखि परेका उजुरीहरूको विश्लेषण गर्दा अधिकांश समस्या गैरकानुनी एजेण्टहरूसँग सम्बन्धित देखिएकाले उनीहरूलाई पहिचान र कारबाही गरी पारदर्शी सेवा प्रवाह गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ । 'यसका लागि एक विशेष वेबसाइट र मोबाइल एप बनाएका छौं । यस प्रणालीमार्फत कामदारलाई ठग्ने वा प्रलोभन देखाउने व्यक्ति र समूहविरुद्ध विवरण संकलन गरिने छ,' मन्त्री यादवले भने, 'यो केवल उजुरी प्रणालीमात्र नभई 'डेटामा आधारित सुशासन'को प्रारम्भ हो, जसले नीति निर्माणलाई तथ्यपरक र कारबाहीलाई उत्तरदायी बनाउने छ ।'

अभियानमा कसरी सहभागी हुन आह्वान

श्रम मन्त्रालयले अवैध एजेण्टविरुद्धको यस अभियानमा सहभागी हुन सरोकारवालासमक्ष आग्रह गरेको छ । वैदेशिक रोजगार विभागसँगको सहकार्यमा मन्त्रालयले सुरु गरेको 'ओआइएसियुपी डट एमओएलइएसएस डट जिओभी डट एनपी' वेब पोर्टलमार्फत एजेण्टका गैरकानुनी क्रियाकलापहरूविरुद्ध उजुरी दर्ता गर्न सकिने भएको छ । साथै, आफूले दर्ता गरेको उजुरीमाथि के कारबाही भइरहेको छ भन्ने ट्र्याकिङ गरेर हेर्न मिल्ने व्यवस्थासमेत गरिएको छ ।

'युवा, श्रम तथा रोजगार मन्त्रालय र वैदेशिक रोजगार विभागको संयुक्त पहलमा अवैध एजेण्ट र मध्यस्थकर्ताहरूविरुद्ध राष्ट्रव्यापी अभियान सञ्चालन भइरहेको छ । आफूले थाहा पाएका गैरकानुनी क्रियाकलापहरू तुरुन्त उजुरी गर्नुहोस्,' उक्त वेबसाइटमा भनिएको छ ।

वैदेशिक रोजगारीमा जान इच्छुक नेपाली कामदारहरूलाई ठग्ने, शोषण गर्ने वा जबरजस्ती श्रम गराउने एजेण्ट वा मध्यस्थकर्ताहरूको विवरण प्रदान गरी न्याय दिलाउन सहयोग गर्न मन्त्रालयले आग्रह गरेको छ ।

**के कुराको उजुरी दिने ?**

मन्त्रालयले वैदेशिक रोजगारका लागि गैरकानुनी शुल्क असुल गरेमा उक्त वेबसाइट वा मोबाइल एपमार्फत उजुरी दर्ता गर्न सकिने जनाएको छ । यसैगरी झूटो जागिरको प्रस्ताव वा नक्कली कागजात प्रदान गरेमा, नेपाली कामदारको शोषण वा तस्करी गरेमा, सहमतिविना जबरजस्ती श्रम गराएमा, पैसा लिएर गायब भएमा वा सम्पर्क टुटाएमा वा मान्य इजाजतविना भर्ती व्यवसाय सञ्चालन गरेमा तुरुन्त उजुरी दर्ता गर्न भनिएको छ । यसरी उजुरी दिने व्यक्तिको पहिचान गोप्य राखिने पनि मन्त्रालयले जानकारी दिएको छ ।


**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**दफा १२६ : स्वेच्छिक खारेजी -१ सम्बन्धी कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६।१२।१० मा दर्ता भएको प्रा.लि.नं. ७१५६७ को **मेट्रो इको होटल प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८०/१०/०८ मा दर्ता भएको श्री **प्युर ड्रप्स आयल सप्लायर्स प्रा. लि. (प्रा.लि. नं. ३२७६८९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१८**

**अनप्लान होटल प्रा. लि.** को मिति २०८३/०३/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल अनप्लान पोखरा प्रा. लि. (दर्ता नं. ३९४९४५)** कायम गर्ने गरी मिति २०८३/०३/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१८**

**रियल एडभेन्चर नेपाल प्रा. लि.** को मिति २०८३/०३/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल लक्जरी जर्निज प्रा. लि. (दर्ता नं. ६३१५२)** कायम गर्ने गरी मिति २०८३/०३/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Nova International Pvt. Ltd.** इजाजत नम्बर १०१९/०६८/०६९ मा कार्यरत तपसिलका कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि.जिम्मेवार हुने छैन ।

**तपसिल**

| नाम थर | नागरिकता नं. |
|---|---|
| एलिजा खुलाल | ०५-०१-७४-००८५९ |
| मुकेश कुमार झा | १९१०२६/४४ |
| कल्पना के.सी. | ७९६८४ |
| रोमी शाह | १०२२/८०१४ |
| सुबास्ना लिम्बु (इटहरी शाखाबाट) | ०५-०२-८१-०४८३४ |

**Nova International Pvt. Ltd.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
(Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार वव्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Employment Link Nepal Pvt. Ltd.** (इजाजत नम्बर २९९/०५८/५९) मा कार्यरत निम्न कर्मचारी हाल यस संस्थाबाट राजिनामा दिइसकेको र कार्यरत नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न/नगराउन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका गराइन्छ । साथै यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि जानकारी गराइन्छ । निजहरूसँग केहि दाबी विरोध भए यसै सूचनालाई आधार मानि ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| Name | Citizenship Number |
|---|---|
| Indira Devkota | 099/058 |
| Rihaan Chaudhary | 33-02-75-00627 |
| Pratikshya Tamang | 24-01-78-12910 |
| Dipika Sunari | 40-00-75-00184 |
| Bibek Bhattarai | 44-01-74-04266 |

**Employment Link Nepal Pvt. Ltd.**
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम इजाजत नं. २९९/०५८/०५९

**युएइमा रोजगार** कम्पनी : SKYBLUE Technical Services CO. L.L.C S.O.C
पूर्व स्वीकृति मिति : २०८३/०३/१७ LT. No. 344283 चलानी नं. ६०२५७४८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | electrician | 2 | 0 | 1600 | ६५,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PAINTER | 2 | 0 | 1600 | ६५,९०८ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com
श्रम इजाजत नं. ७०२/०६३/०६४

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेजी सम्बन्धि ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०५/१९ मा दर्ता भएको प्रा.लि नं.१९७९०८ को नोरल्हा गेस्ट हायस प्रा.लि नामक कम्पनीको दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० लिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, १८ असार, २०८३

| | |
|---|---|
| मेष | सम्बन्धमा मिठास आउनेछ । यात्राको सम्भावना रहन सक्छ । |
| वृष | महत्वपूर्ण निर्णय गर्दा सोचविचार गर्नुहोस । लाभको सम्भावना । |
| मिथुन | नयाँ कुरा सिक्ने अवसर मिल्नेछ । सकारात्मक सोच राख्नुहोस । |
| कर्कट | कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य आवश्यक छ । |
| सिंह | सिर्जनात्मक काममा सफलता मिल्न सक्छ । साथीभाइको साथ पाइनेछ । |
| कन्या | भावनात्मक पक्ष बलियो रहनेछ । आर्थिक योजना बनाउन राम्रो समय । |
| तुला | नयाँ कामको अवसर आउन सक्छ । खर्चमा ध्यान दिनुहोस । |
| वृश्चिक | आर्थिक पक्ष बलियो बन्ने संकेत । परिवारबाट सहयोग मिल्नेछ । |
| धनु | कुराकानी र निर्णयमा सावधानी अपनाउनुहोस । नयाँ योजना बन्न सक्छ । |
| मकर | मनमा उत्साह बढ्नेछ । रोकिएका काम अघि बढ्न सक्छ । |
| कुम्भ | नेतृत्व गर्ने अवसर मिल्न सक्छ । आत्मविश्वास बढ्ने दिन । |
| मीन | मेहनतको राम्रो परिणाम पाइनेछ । स्वास्थ्यमा ध्यान दिनुहोस । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ असार, २०८३ (२ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.१६ | १५१.७६ |
| युरो | १ को | १७२.२८ | १७२.९७ |
| पाउन्ड स्टर्लिङ | १ को | २००.०७ | २००.८६ |
| स्विस फ्रैन्क | १ को | १८६.७० | १८७.४४ |
| अस्ट्रेलियन डलर | १ को | १०४.०६ | १०४.४७ |
| क्यानाडियन डलर | १ को | १०६.१७ | १०६.५९ |
| सिङगापुर डलर | १ को | ११६.७५ | ११७.२२ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २२.२८ | २२.३७ |
| साउदी अरब रियाल | १ को | ४०.२४ | ४०.४० |
| कतारी रियाल | १ को | ४१.४७ | ४१.६३ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१६ | ४१.३२ |
| मलेसियन रिङेट | १ को | ३७.०० | ३७.१५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७५ | ९.७८ |
| स्विडिस क्रोनर | १ को | १५.५२ | १५.५८ |
| डेनिस क्रोनर | १ को | २३.०५ | २३.१४ |
| हङकङ डलर | १ को | १९.२८ | १९.३५ |
| कुवेती दिनार | १ को | ४९०.९४ | ४९२.८९ |
| बहराइन दिनार | १ को | ४००.९३ | ४०२.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# भक्तपुर नगरपालिकामा १७८ सम्पदा पुनर्निर्माण




**भक्तपुर–** राष्ट्रिय कला संग्रहालयको ६६औं स्थापना दिवसका अवसरमा 'संग्रहालय सुरक्षा तथा व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम' सम्पन्न भएको छ ।

बुधबार कार्यक्रमको उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका नगरप्रमुख सुनिल प्रजापतिले २०७२ सालको भूकम्पले भक्तपुरका सम्पदामा ठूलो क्षति पुऱ्याए पनि भक्तपुर नगरपालिकाले पुनर्निर्माण कार्यलाई तीव्रता दिँदै आएको बताए । उनले भक्तपुर नगरपालिकामा हालसम्म १७८ सम्पदाको मौलिकता कायम राख्दै पुनर्निर्माण सम्पन्न गरिएको जानकारी दिए ।

राष्ट्रिय कला संग्रहालय ऐतिहासिक संग्रहालयको रूपमा रहेको र यसको अवलोकन गर्न स्वदेशी तथा विदेशीका आगमन तथा आकर्षण उत्तिकै बढिरहेको उल्लेख गर्दै नगरप्रमुख प्रजापतिले यसको संरक्षणका लागि नगरपालिका लागिरहेको बताए । सम्पदा संरक्षणको मुख्य उद्देश्य नयाँ पुस्तालाई आफ्नो इतिहास, कला र संस्कृतिसँग परिचित गराउनुका साथै विदेशी पर्यटकलाई जानकारी गराउनु रहेको उनले बताए । नगरप्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण र पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आएको बताउँदै ५५ झ्याले दरबारको पुनर्निर्माणका क्रममा भित्तेचित्रलाई सुरक्षित राख्दै पुनःस्थापना गरिएको जानकारी दिए ।

नगरप्रमुख प्रजापतिले भक्तपुरलाई सम्पदाले भरिपूर्ण ऐतिहासिक नगरका रूपमा संरक्षण गर्ने लक्ष्यअनुसार नगरभित्र रहेका सबै संरचनालाई मौलिक शैलीमै पुनर्निर्माण गर्ने नीति अवलम्बन गरिएको बताए । यस क्रममा ९९ चोक संरक्षण र पुनर्जीवित गर्ने कार्य थालिएको बताए ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानांगले यहाँको सम्पदा र वास्तुकला मानव सभ्यताको उत्कृष्ट नमूना भएको बताउँदै यसको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दै नयाँ पुस्तासम्म हस्तान्तरण गर्नु सबैको साझा दायित्व भएको बताए । भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले भक्तपुर आफैंमा ऐतिहासिक तथा विश्वसम्पदा सूचीमा सूचीकृत नगर भएकाले यहाँको मौलिक संस्कृति र सम्पदाको संरक्षण सबैको साझा दायित्व भएको बताए ।

कार्यक्रममा राष्ट्रिय कला संग्रहालयकी प्रमुख जयन्ती श्रेष्ठ प्रधानले संग्रहालय स्थापना भएको इतिहासबारे जानकारी दिँदै पुरातात्त्विक महत्त्वका सामग्री संकलन, संरक्षण र प्रदर्शनलाई निरन्तरता दिइएको बताइन् । उनले संग्रहालयमा चित्रकला, धातुकला, काष्ठकला, प्रस्तरकलालगायत करिब दुई हजार १०० पुरातात्त्विक वस्तु संग्रहमा रहेको बताइन् । इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुर खुला आकाशमुनि रहेको एउटा खुला संग्रहालय भएको चर्चा गर्दै कला संग्रहालयले शिलालेख तथा पुरातात्त्विक सम्पदाको संरक्षणमा अझ विशेष ध्यान दिनुपर्ने धारणा राखे ।

इतिहासविद् विश्वमोहन श्रेष्ठले पुराना कला र संस्कृतिले तत्कालीन समाजको यथार्थ अवस्थाबारे जानकारी दिने भएकाले यस्ता सम्पदाको संरक्षण तथा जीवन्तता कायम राख्नु आवश्यक रहेको बताए । राष्ट्रिय कला संग्रहालयको ६६औं स्थापना दिवसको अवसरमा संग्रहालयमा कार्यरत कर्मचारीको ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले क्षमता अभिवृद्धिका लागि प्रशिक्षण दिइएको थियो । *रासस*

# त्रिवि सेवा आयोगको अध्यक्षमा पूर्वसचिव किशोर थापा नियुक्त






■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) सेवा आयोगको अध्यक्षमा नेपाल सरकारका पूर्वसचिव तथा वरिष्ठ सहरी योजनाविद् किशोर थापा नियुक्त भएका छन् । प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले थापालाई सेवा आयोगको अध्यक्षमा नियुक्त गरेका हुन् ।

यसैगरी, सेवा आयोगको सदस्यमा प्रा.डा. रेजिना मास्के नियुक्त भएकी छन् । दुवै नियुक्ति त्रिभुवन विश्वविद्यालयको सेवा आयोगलाई प्रभावकारी, पारदर्शी र योग्य जनशक्तिमैत्री बनाउने उद्देश्यका साथ गरिएको विश्वविद्यालय स्रोतले जनाएको छ ।

शिक्षा तथा खेलकुदमन्त्रीसमेत रहेका सहकुलपति सस्मित पोखरेलको नेतृत्वमा गठित अध्यक्ष सिफारिस समितिले सेवा आयोग अध्यक्ष पदका लागि प्राप्त आवेदनहरूको अध्ययन, मूल्यांकन तथा अन्तर्वार्तापछि तीन जनाको नाम कुलपतिसमक्ष सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा कुलपति शाहले थापालाई अध्यक्षमा नियुक्त गरेका हुन् ।

सिफारिस समितिले गत जेठ महिनामा सेवा आयोग अध्यक्ष पदका लागि इच्छुक योग्य व्यक्तिहरूबाट आवेदन आह्वान गरेको थियो । निर्धारित प्रक्रियाअनुसार प्राप्त आवेदनहरूको योग्यता, अनुभव, नेतृत्व क्षमता तथा कार्यसम्पादनको मूल्यांकन गरी योग्य उम्मेदवारहरूको नाम सिफारिस गरिएको थियो ।

आर्किटेक्ट तथा सहरी योजनाविद्का रूपमा परिचित थापाले नेपाल सरकारको निजामती सेवामा चार दशकभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रहेर योगदान दिएका छन् । उनी सहरी विकास मन्त्रालय, शिक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, जल तथा ऊर्जा आयोग सचिवालयलगायतका निकायमा सचिवका रूपमा कार्यरत रहेका थिए ।

उनले राष्ट्रिय आवास योजना, राष्ट्रिय सहरी विकास रणनीति, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीति, नेपाल पर्यटन वर्ष २०११ लगायतका महत्त्वपूर्ण सरकारी नीति तथा कार्यक्रमको निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए ।

भूकम्पपछिको पुनर्निर्माण अभियानमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको विज्ञ सदस्यका रूपमासमेत योगदान दिएका थापा हाल नेपाल इन्स्टिच्युट अफ अर्बन एण्ड रिजनल स्टडिजमा सहरी योजनाविज्ञ तथा काठमाडौं विश्वविद्यालयमा 'भिजिटिङ फ्याकल्टी'का रूपमा आबद्ध छन् । उनले आवास, सहरी विकास, पूर्वाधार, विपद् व्यवस्थापन तथा सार्वजनिक नीतिका क्षेत्रमा लामो अनुभव हासिल गरेका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७८/०९/०८ मा दर्ता भएको **भैरवी फर्निचर प्राइभेट लिमिटेड (प्रा. लि. नं. २८०३३७)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित : २०८३/०३/१८

श्री जनसेवा सा.व.उ.स. कमलामाई न.पा. ८ सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ७४ को ६५६.२९ क्यू.फिट गोलिया काठ जातको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री जनसेवा सा.व.उ.स. कमलामाई न.पा. ८ सिन्धुली



**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशित : २०८३/०३/१८

श्री जलदेवी सा.व.उ.स. कमलामाई न.पा. ८ सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान १९३ को १६७८.१०क्यू.फिट गोलिया काठ जातको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे,जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

जलदेवी सा.व.उ.स. कमलामाई न.पा. ८ सिन्धुली



**अधिकतम खुद्रा मूल्य (MRP) सम्बन्धी सूचना**

यस लाईफम्यार्टस अटोमोटिभ्स प्रा.लि. (**Lifematters Automotives Pvt. Ltd.**) ले चीनबाट पैठारी देहायको मालवस्तु अकितम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| S.N. | Brand | Models | CC | Unit | MRP (NPR) |
|---|---|---|---|---|---|
| 1 | Haima | Modern in 400 fashion | Electric | 1 | 39,99,999 |
| 2 | Haima | Modern in 600 fashion | Electric | 1 | 42,99,999 |
| 3 | Haima | Modern in 600 Elite | Electric | 1 | 46,99,999 |

**बिक्रेता फर्मको नाम : लाईफम्यार्टस अटोमोटिभ्स प्रा.लि.**
सम्पर्क : ०१४५३९३३१
स्थायी लेखा नं: ६१०३०००५५



**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार वव्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nepal HR Solution Pvt. Ltd.** (इजाजत नम्बर १०८२/०७३/०७४)मा कार्यरत निम्न कर्मचारी हाल यस संस्थाबाट राजिनामा दिइसकेको र कार्यरत नरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि. को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न/नगराउन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका गराइन्छ । साथै यसो गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि जानकारी गराइन्छ । निजहरूसँग केहि दाबी विरोध भए यसै सूचनालाई आधार मानि ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| Name | Address | Citizenship Number |
|---|---|---|
| Roshan Khadka | Raghunathpur, Dhanusha | 75722980 |
| Aklesh Kumar Sah | Mirchaya-7, Siraha | 151047/8 |
| Sharmila Giri | Itahari-17, Sunsari | 06-01-74-10009 |
| Parbati Subedi | KTM-32, Kathmandu | 27-01-81-03479 |

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**कुवेतमा रोजगार** कम्पनी : AL-MAHA AGRICULTURAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344109 | चलानी नं. ६०२५७४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 25 | 0 | 110 | ५३,७४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office Boys | 7 | 0 | 120 | ५८,६३५ | | | | | | | |
| 3 | Heavy Driver With Nepal Liceance | 8 | 0 | 180 | ८७,९५० | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS — Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : SMALL COFFEE MILL & ROASTERY PRODUCTION COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०३/१६ | चलानी नं.: ६०२५७४५३ | LT.No.: 344180

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 0 | स. काममा दक्ष | 150 | ७३,६४१ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार २५ गते (9 July, 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभाग गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82 — MAHA
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



**युएइमा रोजगार** कम्पनी : NATIONAL.PAINTS FACTORIES CO.LTD.CONT.BR.L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 320061 | चलानी नं. ६०२३४१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter | 1 | 0 | 1200 | ४९,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



**मलेसियामा रोजगार** कम्पनी : JAGUAR FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 340305 | चलानी नं. ६०२५३७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 0 | 1700 | ६२,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २५ गते (9th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

J.K. OVERSEAS PVT. LTD.
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016, Jiwan Thapa, 9851055504
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम इजाजत नं. १७२०/०८१/०८२



**साउदीमा रोजगार** कम्पनी : BLACK OCEAN PLASTIC FACTORY

पूर्व स्वीकृति मिति : २०८३/०३/१६ | LT. No. 344174 | चलानी नं. ६०२५७४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plastic Machine Operator | 2 | 0 | 2000 | ८०,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार २५ गते (9th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303
श्रम इजाजत नं. ५४२/०६१/०६२



**साउदीमा रोजगार** कम्पनी : AL MAWARID RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 338159 | चलानी नं. ६०२५१६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 40 | 0 | 1000 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६



**कुवेतमा रोजगार** कम्पनी : UNITED GULF CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८१/१०/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 318014 | चलानी नं. ६०२३२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | asphalt roofing labour | 20 | 0 | 95 | ४६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Blacksmith Building | 20 | 0 | 110 | ५३,७४५ | | | | | | | |
| 3 | Brick Mason | 20 | 0 | 110 | ५३,७४५ | | | | | | | |
| 4 | Building Carpenter | 20 | 0 | 110 | ५३,७४५ | | | | | | | |
| 5 | Road Vehicles Driver | 20 | 0 | 200 | ९७,७२० | | | | | | | |
| 6 | Sand Blasting Labours | 20 | 0 | 95 | ४६,४२० | | | | | | | |
| 7 | Store Labor | 10 | 0 | 95 | ४६,४२० | | | | | | | |
| 8 | Truck Driver | 20 | 0 | 160 | ७८,१७५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**साउदी/युएइमा रोजगार** कम्पनी : SAUDI MANPOWER SOLUTIONS CO.

पूर्व स्वीकृति मिति : २०८३/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344182 | चलानी नं. ६०२५७४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 5 | 0 | 1000 | ४०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २५ गते (9th July 2026) मा हुनेछ ।

कम्पनी : NASER MOHAMED AL-BADDAH & PARTNER FOR GENERAL CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/१०/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 338294 | चलानी नं. ६०२५१७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 100 | 0 | 1500 | ६१,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer / Worker/ Building Worker / Worker | 100 | 0 | 1000 | ४१,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Itahari Sub-Metro, BTCC International Scaffolding-itahari 06, धरान रोड, सुनसरीमा मिति : २०८३ असार २६ गते (10th Jul. 2026) मा हुनेछ ।
Seagull International Technical Training Center, काठमाडौं, बुढानिलकण्ठ, प्रगती टोल, ज्योतीनगर रोडमा मिति : २०८३ असार २७ गते 11th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel:01-4375822/4375824, Mob:9841781155, 9808818851, 9851015421, 9816060051, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



**साउदी/बहराइनमा रोजगार** कम्पनी : MADAR AL TASHGHIL COMPANY FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०३/१६ | LT. No. 344177 | चलानी नं. ६०२५७४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 5 | 0 | 1000 | ४०,३२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GANGARAM WATER INSTALLATION CO W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/०२/२३ | LT. No. 343442 | चलानी नं. ६०२५६७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Marketing Executive | 1 | 1 | 220 | ८८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | १०,०००/- | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Mitrapark Chowk, Mitra Plaza (Old NIC Asia Building), Kathmandu Metropolitan - 07, Bagmati, Nepal
Tel: +977 1 5914513, Fax: +977 9768380501
Email: paradeshiservices@gmail.com, info@paradeshioverseas.com.np, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**कतारमा रोजगार** कम्पनी : BR SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/१५ | LT. No. 344077 | चलानी नं. ६०२५७४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 2 | 1100 | ४५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 3 | 3 | 1000 | ४१,४१४ | | | | | | | |

कम्पनी : VERA CLEANING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344151 | चलानी नं. ६०२५७४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 10 | 1200 | ४९,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 33 | 25 | 1000 | ४१,४१४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘पम्प माफिया’ माथि डण्डा चलाऊ

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य ओरालो लागेको लामो समय भइसक्दा पनि नेपालमा मूल्य नघटाइएका कारण सरकार चौतर्फी आलोचनाको घेरामा थियो । अन्ततः आमनागरिकको चर्को दबाबपछि नेपाल आयल निगमले पेट्रोल, डिजेल र हवाई इन्धनको खुद्रा बिक्री मूल्य घटाउने निर्णय गऱ्यो । निगम सञ्चालक समितिको मंगलबारको बैठकले भारतीय आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार बुधबार बिहान १ बजेदेखि लागू हुनेगरी मूल्य समायोजन गरेको थियो । तर, सरकारले मूल्य घटाएर उपभोक्तालाई राहत दिन खोजेको भोलिपल्टै बजारमा जुन दृश्य देखियो, त्यसले हाम्रो सार्वजनिक आपूर्ति प्रणाली र व्यावसायिक नैतिकताको कुरूप ऐना छर्लंग पारेको छ ।

मूल्य घटेपछि राहत महसुस गर्नुपर्ने उपभोक्ता बुधबार बिहानैदेखि काठमाडौं उपत्यकाका पेट्रोल पम्पहरूमा सास्ती खेप्न बाध्य भए । अधिकांश निजी पेट्रोल पम्पहरूले ‘डिजेल/पेट्रोल छैन’ भन्ने सूचना टाँसेर कृत्रिम अभाव सिर्जना गरे । खुलेका सीमित सरकारी तथा केही निजी पम्पहरूमा सवारीसाधनको लामो लाइन लाग्यो । यो आम उपभोक्तामाथिको सीधै बेइमानी र कानुनको धज्जी उडाउने पराकाष्ठा हो । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्नासाथ रातिको १२ बजेदेखि नै मूल्य बढाएर अवैध नाफा लुकाउन उद्धत हुने व्यवसायीहरूले मूल्य घट्दा भने उपभोक्तालाई राहत दिन आनाकानी गर्नु निन्दनीय छ ।

मध्यपूर्वमा अमेरिका, इजरायल र इरानबीचको युद्धका कारण इन्धन आपूर्ति अवरुद्ध हुँदा विश्वबजारमा मूल्य आकासिएको थियो, जसको प्रत्यक्ष असर नेपालमा पनि पऱ्यो । सोही कारण एलपी ग्यास आधा सिलिण्डरमात्र बिक्री गर्ने व्यवस्थासमेत सरकारले गर्नुपऱ्यो । तर, अमेरिका र इरानबीच वार्तामार्फत युद्ध अन्त्य गर्ने समझदारी भएपछि विश्वबजारमा इन्धनको आपूर्ति सहज हुँदै मूल्य घट्यो । अन्तर्राष्ट्रिय बजारको यो सकारात्मक प्रभाव नेपाली उपभोक्ताले पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । तर, इन्धनजस्तो संवेदनशील र अत्यावश्यक वस्तुमा व्यवसायीहरूले ‘कार्टेलिङ’ र कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तालाई सजाय दिए ।

यस घटनामा मूल्य घटाउने नेपाल आयल निगम पनि गैरजिम्मेवार देखियो । चौतर्फी गुनासो आएपछि बल्ल अनुगमनमा निस्कियो । निगमको टोलीले गरेको अनुगमनबाट १४ वटा पम्पले जानीजानी कृत्रिम अभाव सिर्जना गरेको पाइयो । ढिलै भए पनि निगमले अनुगमन गरेर कारबाहीको दायरा ल्याउनु सकारात्मक कदम हो । त्यसो त मूल्य घट्दा पम्प बन्द गर्ने प्रवृत्ति नयाँ होइन, यो हरेक पटक दोहोरिने क्रोनिक रोग हो । सरकार र नियामक निकायले पहिले नै यस्तो अवस्था आउन सक्छ भनेर पूर्वतयारी र कडा निगरानी राख्न किन सक्दैनन् ?

यो घटनाले के पुष्टि गर्छ भने हाम्रा व्यवसायीहरूमाझ न्यूनतम व्यावसायिक नैतिकता र मानवीय संवेदनाको अभाव छ । संकटको बेला राज्य र नागरिकलाई साथ दिनुको साटो केवल आफ्नो नाफामात्र हेर्ने यस्ता प्रवृत्तिलाई कुनै पनि बहानामा उन्मुक्ति दिनु हुँदैन । १४ वटा पम्पलाई मात्र कारबाही गरेर निगमले आफ्नो दायित्व पूरा भएको सम्झनु गल्ती हुने छ । सरकारी निर्णयलाई चुनौती दिँदै नागरिकलाई सास्ती दिने यस्ता कालोबजारी गर्नेहरूलाई हदैसम्मको कानुनी कारबाही गरिनुपर्छ । पेट्रोलियम पदार्थ जस्तो संवेदनशील क्षेत्रमा सिण्डिकेट र कृत्रिम अभाव सिर्जना गर्ने तत्वहरूको अनुमतिपत्र खारेज गर्नेसम्मको कठोर कदम चाल्न सरकार पछि पर्नु हुँदैन । तबमात्र बजारमा विधिको शासन स्थापित हुने छ र उपभोक्ताले वास्तविक राहतको महसुस गर्न पाउने छन् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरू

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

# प्रजातन्त्रमा नागरिक शिक्षाको आवश्यकता



❑ हरिविनोद अधिकारी

“ हरेक नयाँ पुस्ता नयाँ नागरिक भएकाले उनीहरूलाई उनीहरूको व्यक्तिगत र सार्वजनिक आवश्यकताका बारेमा जानकारी दिनु आवश्यक छ । व्यक्तिगत तथा सार्वजनिक जीवनका आवश्यक गुणहरूको सिकाइ निरन्तर प्रक्रिया हो । प्रजातन्त्र खुला तथा स्वतन्त्र समाजको परिणाम भएकाले यस्तो समाजको प्रभावकारितामा नै लोकतन्त्रका आदर्शहरु सफल हुने छन् । यसका लागि प्रत्येक नागरिकमा लोकतन्त्रका आधारभूत मूल्य र मान्यताहरूप्रति स्पष्ट प्रतिबद्धता आवश्यक पर्दछ । त्यसैले हरेक नागरिकमा प्रजातन्त्रका आदर्शका बारेमा आधारभूत ज्ञान आवश्यक हुनै पर्दछ ।

संसारमा धेरैजसो देशहरू प्रजातान्त्रिक शासन प्रणालीका छन् र केही देशहरू प्रजातन्त्रबाहेकका शासन प्रणालीमा छन् । ती देशहरूमा या त एकदलीय शासन छ या त सैनिक शासन छ या त निरंकुश राजतन्त्र छ । सबै देशहरू आजभोलि आफ्नो शासन प्रणालीलाई जनताका पक्षमा रहेको दाबी गर्दछन् र त्यो नै स्वतन्त्र राज्यको विशेषता हो । लोकतान्त्रिक शासन प्रणालीलाई नै नमूना र आदर्श शासन प्रणाली हो भन्छन् । यसले के स्पष्ट पार्छ भने लोकतान्त्रिक शासन प्रणालीको आवश्यकता र स्वीकारोक्ति सबैलाई छ तर आफ्ना-आफ्ना स्वार्थका लागि शासकहरूले अप्रजातान्त्रिक व्यवस्था थोपर्छन् र भन्छन्, यो नै व्यवस्था प्रजातान्त्रिक हो ।

भिन्न-भिन्न राजनीतिक व्यवस्था भएका देशहरूमा नागरिक शिक्षाको अर्थ र क्षेत्र पनि फरक-फरक हुनसक्छ । खुला राजनीतिक र प्रजातान्त्रिक व्यवस्था भएका देशहरूमा जुन-जुन जानकारीहरूलाई नागरिक शिक्षाको आवश्यक तत्व मानिन्छ, ती तत्वहरू निरंकुश शासन प्रणालीमा बर्जित गरिएको हुनसक्छ । बहुलवादी समाज र बहुदलीय व्यवस्था भएको देशमा प्रजातन्त्रका आवश्यक तत्वहरू, राजनीतिक दलहरूको अधिकार, काम, कर्तव्य र विधिको शासन नागरिक शिक्षाको अंग हुनसक्छ भने निरंकुश वा एकदलीय वा निर्दलीय शासन प्रणाली भएका देशहरूमा त्यस्तो शिक्षामाथि प्रतिबन्ध लागेको हुनसक्छ । प्रजातन्त्र वा लोकतन्त्र भएका देशमा नागरिक शिक्षाले स्वशासन, सुशासन र नागरिकले आधारभूत तर जान्नैपर्ने कुराहरू भनेर बुझिन्छ । नागरिकहरूले आफ्नो पहिचान थाहा पाउने र आफ्नै शासनका लागि सक्रिय रूपमा भाग लिन दिइने शिक्षा भएकाले नै नागरिक शिक्षा नाम दिइएको हो ।

प्रजातान्त्रिक बहुलवादी समाजमा प्रत्येक नागरिक सक्रिय सदस्यको रूपमा हुन्छ । प्रजातान्त्रिक समाजमा प्रत्येक नागरिक आफ्नो अधिकार र कर्तव्यमा सजग हुनुपर्छ । त्यस्तो सजगता सदस्यको सक्रिय सहभागिताले मात्र सम्भव छ । नागरिकको सक्रिय सहभागिताले मात्र नागरिकमा समालोचनात्मक चेत पलाएको हुन्छ । नागरिक शिक्षा भनेको नागरिकलाई दिइने त्यस्तो शिक्षा हो जसले नागरिकलाई असल बन्न सघाउँछ । यसले हरेक नागरिकलाई आपसमा मिलेर बस्न सिकाउँछ, हामी सबैलाई एउटै समाजका सदस्यहरू हौं भनेर सिकाउँछ र विश्व नै एउटा परिवार हो भन्ने शिक्षा प्रदान गर्दछ । हाम्रो पूर्वीय मान्यतामा सम्पूर्ण पृथ्वीलाई नै एउटै परिवार हो भनिन्छ- वसुधैव कुटुम्बकम् । राज्य र समाजका प्रत्येक कार्यमा नागरिकको सक्रिय सहभागिताको चेतना दिन्छ । हाम्रो प्रत्येक दायित्व बहनमा आफ्नो व्यक्तिगत स्वार्थ झल्किनु हुँदैन । सबैको हितमा बढी ध्यान दिनुपर्छ भन्ने शिक्षा नागरिक शिक्षाले दिनुपर्छ ।

नागरिक शिक्षाले घरपरिवारमा गर्नुपर्ने कर्तव्य, समाजमा बहन गर्नुपर्ने दायित्व, सडकमा या यात्रामा गर्नुपर्ने कर्तव्य, बजारमा जाँदा पसलमा, पैसाको कारोबार गर्न बैंकमा जाँदा बैंकमा वा एटिएम बुथमा पालना गर्नुपर्ने कर्तव्य, विद्यालय तथा क्याम्पसमा पूरा गर्नुपर्ने कर्तव्य, एकजना नागरिकले अन्य समाजका सदस्यहरूसँग गर्नुपर्ने व्यवहारको ज्ञान दिएको हुन्छ । समाजमा अपांगता भएका व्यक्तिहरू हुन्छन्, ज्येष्ठ नागरिकहरू हुन्छन्, अशक्त व्यक्तिहरू हुन्छन्, तिनीहरूसँग गर्ने व्यवहार सभ्य र सहयोगी हुनुपर्छ । आफूभन्दा सानालाई माया गर्ने र सहयोग गर्ने बानी हुनुपर्छ ।

घरपरिवारमा आफूभन्दा मान्य, आफूसरहका र आफूभन्दा साना व्यक्तिहरू पनि हुन्छन् । सबैलाई श्रद्धाभाव राख्ने र माया गर्ने बानी बसाउनुपर्छ । देशमा भएको शासन व्यवस्थाको बारेमा जान्नुपर्छ । कुनै पनि नागरिकले मलाई प्रचलित कानुन थाहा छैन भन्न पाइँदैन । राज्यको संविधान, प्रचलित कानुन, नियम थाहा हुनुपर्छ । आफ्नो अधिकारको बारेमा पनि सचेत हुनुपर्छ । देशको राष्ट्रियताप्रति सम्मान गर्ने र देशको सुरक्षामा सदैव चनाखो हुनुपर्छ । त्यसैले एउटा असल नागरिक हुन नागरिकले थाहा पाउनु जरुरी छ- नागरिक शिक्षा किन आवश्यक छ ? नागरिकका लागि प्रजातन्त्र र मानवअधिकार किन आवश्यक छ र ती किन एकअर्काका लागि अभिन्न अंगहरू हुन् ? राज्यद्वारा, समाजमा र परिवारमा, विद्यालयमा, क्याम्पस वा विश्वविद्यालयहरूमा सामाजिक न्याय कसरी प्राप्त हुन्छ ? कस्तो सामाजिक न्यायको अभ्यास गरिएको छ ? भन्ने प्रश्नहरूको जवाफ पाउन सकिन्छ । त्यस्तै कानुनी राज्यको सम्मान कसरी हुनसक्छ ? विधिको शासनमा कसरी कानुनको पालना गरिन्छ ? राज्य र सरकार कसरी सञ्चालन भइरहेका छन् ? मुलुकको इतिहास, भूगोल र राजनीतिक विकासक्रम कस्तो रह्यो ? अहिले कुन अवस्थामा छ ? विश्व परिवेशमा आफ्नो अवस्था कस्तो छ ? देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था कस्तो छ ? भन्नेलगायतका प्रश्नहरूका बारेमा पनि नागरिक शिक्षाबाट जानकारी पाउन सकिन्छ ।

नागरिकको पहिलो पाठशाला घरपरिवार

कुनै पनि नागरिकको सामाजिक चालचलन र जीवनका लागि आवश्यक सीप भनेर सिकाइने नागरिक शिक्षाको पहिलो पाठशाला घर परिवार हो । त्यही समानता, सद्भाव र मिलेर बस्ने शिक्षाको प्रारम्भ हुन्छ, त्यसैले जीवनको पहिलो गुरु आमालाई मानिन्छ । त्यसपछि सामाजिक व्यवहारका बारेमा, किनभने समाज जीवनको अर्को पाठशाला हो । यसलाई विद्यालय भनेर औपचारिक मान्यता दिएका छौं, त्यो विद्यालय आफैं जीवनको पहिलो औपचारिक पाठशाला हो जसले समाजमा के गर्नुपर्छ, कसरी सीप सिक्ने र बाँच्न सक्ने भन्ने हुन्छ । समस्यासँग जुधेर समाधान गर्दै अरुको हित गर्न सकिन्छ र आफू जीवन सहज बनाउन सकिन्छ भन्ने कुरा विभिन्न विज्ञ र अनुभवी गुरुहरूबाट जान्न सकिन्छ ।

### नागरिक शिक्षाको महत्त्व

हरेक नयाँ पुस्ता नयाँ नागरिक भएकाले उनीहरूलाई उनीहरूको व्यक्तिगत र सार्वजनिक आवश्यकताका बारेमा जानकारी दिनु आवश्यक छ । व्यक्तिगत तथा सार्वजनिक जीवनका आवश्यक गुणहरूको सिकाइ निरन्तर प्रक्रिया हो । प्रजातन्त्र खुला तथा स्वतन्त्र समाजको परिणाम भएकाले यस्तो समाजको प्रभावकारितामा नै लोकतन्त्रका आदर्शहरू सफल हुने छन् । यसका लागि प्रत्येक नागरिकमा लोकतन्त्रका आधारभूत मूल्य र मान्यताहरूप्रति स्पष्ट प्रतिबद्धता आवश्यक पर्दछ । त्यसैले हरेक नागरिकमा प्रजातन्त्रका आदर्शका वारेमा आधारभूत ज्ञान आवश्यक हुनै पर्दछ । प्रजातन्त्र शासन पद्धतिमात्र होइन, त्यो त एउटा सहनशील संस्कृति र विधिको शासन पनि हो भन्ने कुरामा जोड दिने शिक्षाको आवश्यकता पर्दछ । प्रजातान्त्रिक चेतना नभएको खुला र स्वतन्त्र समाज अराजक भीड हुन जान्छ ।

विभिन्न जाति, भाषा, धर्म र संस्कृति भएको बहुलवादी समाजमा नागरिक शिक्षाको झन् बढी महत्त्व हुन्छ । नागरिक शिक्षाको अभावमा विभिन्न जात, वर्ग र समूहको बीचमा असहिष्णुताको वातावरण सिर्जना हुनसक्छ र जातिगत, धर्मगत र भाषागत विवादले सामाजिक विवाद र आपसमा झगडा हुनसक्छ । नागरिक शिक्षा प्राप्त नागरिकले मात्र सामूहिक हितका बारेमा जानेको हुन्छ र त्यस्ता व्यक्तिलेमात्र व्यक्तिको अधिकार र समूहको अधिकार अभ्यासमा योगदान दिनसक्छ । नागरिक शिक्षाको सही जानकारीले मात्र परिवार, समुदाय, समाज, गाउँ, जिल्ला, राष्ट्र र अन्तर्राष्ट्रियमासमेत सकारात्मक प्रभाव पर्छ । नागरिक शिक्षाका अंगहरूमा मुख्यगरी निम्न तथ्यहरू पर्दछन्:

नागरिक ज्ञानः

आफ्नो देशको भूगोल, इतिहास, संविधान, संविधानमा भएका नागरिक अधिकारहरू (आधार भूत मौलिक हकहरू) जसलाई व्यक्तिको र समूहको अधिकारको रूपमा लिइन्छ, तिनको विस्तृत जानकारी आवश्यक छ । प्रजातन्त्र, मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता, आर्थिक-सामाजिक, राजनीतिक तथा सांस्कृतिक अधिकारहरूका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानका बारेमा ज्ञान आवश्यक छ । अधिकारका वारेमा जानकारी राख्दा नागरिकका कर्तव्यहरू पनि सँगसँगै आउँछन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा जानकारी आवश्यक छ ।

कतिपय यस्ता विषयहरू हुन्छन्, जसलाई अन्तर्राष्ट्रिय क्षेत्रमासमेत मान्यता र सम्मान गरिएको हुन्छ । जस्तो कि नेपालको बारेमा जान्नैपर्ने कुराभित्र पर्दछ- संसारको सर्वोच्च शिखर नेपालको सगरमाथा, भगवान् बुद्धको जन्मस्थल लुम्बिनी, संसारका हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ, माता जानकीको जन्मस्थान जनकपुर र नेपालका अन्य विश्वमा प्रख्यात विषयका सम्बन्धमा ज्ञान राख्नु आवश्यक छ । ती आफू बसेको देशका बारेमा गौरवशाली कुराहरू हुन् जसमा नागरिकले गौरव गर्नसक्छ । अरुलाई त्यसबारेमा व्याख्या गर्नसक्छ । मुलुकको शिक्षामा नागरिक शिक्षालाई एकीकृतरूपमा समाहित गर्नुपर्छ, अपरिहार्यरूपमा नागरिक शिक्षालाई नागरिक समक्ष पुऱ्याउनुपर्छ । यसले नागरिकलाई जानकारीसहित सचेत बनाउँछ र आफ्ना बारेमा, समाजका बारेमा, राष्ट्रका बारेमा सकारात्मक र समालोचनात्मक सोचाइको विकास गर्दै असल नागरिक बनाउन मद्दत गर्दछ ।

### नागरिक सीपः

त्यसबेला मात्र नागरिक आफ्ना अधिकार र कर्तव्यप्रति सचेत हुन्छ जुनबेलामा नागरिक आफैंमा निर्णय गर्ने क्षमता राख्छ । त्यसका लागि उसले आफ्नो परिवेशको सम्पूर्ण जानकारी पाउनुपर्छ । आफ्नो परिवेशका बारेमा किन यस्तो भयो र अब के हुनुपर्छ भन्ने आलोचनात्मक सोच तयार गर्नसक्ने नागरिकलेमात्र ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न सक्छ । आफ्नो, समाज र देशका लागि आपसमा अन्तर्क्रिया गरेर निर्णय गर्नसक्ने सीपयुक्त नागरिकको आवश्यकता पर्छ । त्यस्तो सीप नागरिकले हासिल गर्नुपर्छ । आफ्नो, परिवार, समाज र राष्ट्रका बारेमा एउटा नागरिकमा आलोचनात्मक सोचाइको सीप आवश्यक पर्दछ । बाँच्नका लागि आवश्यक सीपको पनि जरुरत पर्दछ । आफ्नो बलबुतामा बाँच्ने सीप भनेको स्वाभिमानको पक्ष हो । प्रत्येक नागरिकमा एकअर्कासँग गर्ने व्यवहार र देशको राजनीतिक व्यवस्थाका बारेमा निर्णय लिनसक्ने क्षमता हुनुपर्छ । निर्वाचनमा कसलाई मत दिए आफ्नो देशको र समाजको हित हुन्छ भन्ने निर्णय गर्नसक्ने क्षमता पनि नागरिकको सीप हो ।

### नागरिक दायित्वः

अधिकारसँगै कर्तव्यको पनि प्रसंग स्वतः आउँछ । अधिकार भनेको नागरिक भएबापत राज्यबाट पाउने विशेष सुविधा हो । त्यस्तो सुविधा प्राप्त गर्न नागरिक कर्तव्य पूरा गरेको हुनुपर्छ । जस्तो कि कर तिर्नेलेमात्र राज्यको सामाजिक सुरक्षाको सुविधा पाएको हुन्छ । बिमाको रकम तिर्नेलेमात्र बिमाको सुविधा पाएको हुन्छ । पानीको, बिजुलीको, फोनको कर तिर्नेलाई मात्र ती चिजहरूको उपयोग गर्न पाउने हक हुन्छ । प्राप्त अधिकारले जुन परिणाम दिएको हुन्छ, त्यसको कार्यान्वयनमा नागरिकको कर्तव्यको सकारात्मक प्रयोगको आवश्यकता हुन्छ । व्यक्तिगत तथा सामूहिक जीवन पद्धतिका साथै मानव मर्यादाको सम्मान गर्ने, नागरिकका गतिविधिहरूमा अर्थपूर्ण र प्रभावकारी तरिकाले सहभागी हुने, प्रजातन्त्रको स्वस्थ विकास गर्ने, जैविक, सामाजिक, वातावरणीय, सांस्कृतिक, भाषिक तथा धार्मिक बहुलताको सम्मान गर्ने आदि दायित्व नागरिकमा रहेको हुन्छ । नागरिक शिक्षामा नागरिक दायित्व वा कर्तव्यलाई नागरिक शिक्षाको एउटा प्रमुख अंगको रूपमा लिइन्छ ।

### चरित्र निर्माणः

चरित्र निर्माण गर्नु नागरिक शिक्षाको प्रमुख कर्तव्य हो । असल नागरिकलेमात्र प्रजातान्त्रिक व्यवस्थालाई सहज तरिकाले अभ्यास गर्नसक्छ । नागरिकलाई चरित्रवान् बनाउने शिक्षा नै भएकाले चरित्र निर्माण एउटा अंगको रूपमा मानिन्छ । अनुशासित र सचेत नागरिकलेमात्र आफ्नो, परिवारको, समाजको र राष्ट्रको विकास गर्नसक्छ । असल चरित्र भएको नागरिकलेमात्र समाजलाई डोऱ्याउन सक्छ । त्यसैले असल चरित्र निर्माणका लागि नागरिक शिक्षाको आवश्यकता परेको हो । चरित्र निर्माणले नागरिक कर्तव्य पूरा गर्नका लागि नागरिकलाई उत्प्रेरित गर्छ । असल चरित्र भनेको सत्यप्रतिको सम्मान हो । आफूप्रति, परिवारप्रति, समाजप्रति र आफ्नो परिवेशप्रतिको सकारात्मक सोचाइ निर्माण गर्नु नै चरित्र निर्माण हो । सबै मानवप्रति समान व्यवहार गर्ने क्षमता विकास गर्नु नै चरित्र निर्माण हो । असल चरित्रविनाको मानिस त समाजका लागि काम नलाग्ने वस्तुजस्तै हुन्छ ।

### नागरिक कर्तव्य

एउटा नागरिकले आफू उत्पादनशील भएर राज्यलाई योगदान दिनसक्छ । नागरिक नै त हो उत्पादनशील, उद्यमशील, व्यवसायी हुने, उद्योगपति हुने, श्रमिक भएर उत्पादन गर्न सहयोग गर्ने, कलाकार हुने, साहित्यकार हुने, शिक्षक, प्राध्यापक, प्रहरी, सेना, निजामती सेवाका कर्मचारी, चिकित्सक, इञ्जिनियर, सेवाप्रदायक तथा कृषक भएर सबैको सेवा गर्ने । अरुको दुःखमा दुःख नै सम्झेर सबैको सेवा गर्नु र आफूले जानेको कुरा अरुलाई सिकाएर असल नागरिकको कर्तव्य पूरा गर्न सकिन्छ । यसरी सकारात्मक सोच र सहयोगले पनि राज्यलाई योगदान पुग्नसक्छ ।

प्रजातान्त्रिक समाजमा प्रत्येक नागरिकले आफ्ना कर्तव्यहरू पूरा गर्नुपर्छ । हामीले स्थानीय, प्रादेशिक तथा संघीय व्यवस्थापिकाका लागि आफ्ना प्रतिनिधि निर्वाचित गर्छौं । तिनीहरूले कानुन बनाउँछन् । हामीले ती कानुनहरूका बारेमा जान्नैपर्छ । ती कानुनको के असर पर्छ भन्ने जान्नैपर्छ र ती कानुनहरू मान्नुपर्छ । पदमा रहेकाहरूको कामको र उत्तरदायित्वको आधारमा आदर र सम्मान गर्नुपर्छ । सरकारलाई कर तिर्ने दिन तोकिएको छ भने त्यो बेलासम्म कर चुक्ता गर्नुपर्छ किनभने त्यही कर जम्मा भएर मुलुकको ढुकुटी बन्छ जसबाट जनताका आवश्यकताका लागि खर्च गरिन्छ । मौलिक हकहरू अभ्यासका लागि आवश्यक रकम त्यहींबाट खर्च गर्नुपर्छ किनभने सामाजिक न्यायका लागि समान व्यवहार गर्न पनि सरकारसंग आम्दानी हुनैपर्छ, त्यो आम्दानीको स्रोत भनेको भन्सार कर, आय कर, घरजग्गा कर र मालपोत नै हो ।

देशको संविधान र कानुनको बारेमा जानकारी राख्नैपर्छ किनभने मलाई कानुन थाहा छैन भनेर कानुनले छुट दिँदैन । प्रजातान्त्रिक प्रक्रिया, उदार समाज र समुदायको हितका विषयमा जानकारी राख्नुपर्छ । आफ्नो स्थानीय समुदायका काममा सहभागी हुनुपर्छ । देशको पक्षमा अडिग भएर लाग्नुपर्छ । देशद्रोह ठूलो अपराध हो, आफ्नो देशप्रेम र राष्ट्रियताप्रति सधैं गर्व गर्नुपर्छ । एउटा देशद्रोही दुईपटक मर्छ, एकपटक देशप्रति गद्दारी गरेको दिन अनि अर्कोपटक साँच्चै काल आएको दिन । ‘जननी जन्मभूमिश्चः स्वर्गदपि गरीयसी’ अर्थात् जननी र जन्मभूमि स्वर्गभन्दा पनि प्यारा हुन्छन्, महत्त्वपूर्ण हुन्छन् र श्रद्धेय हुन्छन् । एउटा नागरिक र राज्यकाबीचमा कसिएको सम्बन्ध भनेकै राष्ट्रप्रेम हो, राष्ट्रियता हो र राष्ट्रको माया हो ।

राष्ट्र भनेको भौगोलिक सीमा भएको विभिन्न संस्कृति, जातजाति र भाषाको संगम स्थल हो । यो सार्वभौमसत्ता सम्पन्न हुन्छ, यसमा जनताले चुनेको सरकार हुन्छ, यो आफ्नो भोगचलन गरिएको भूमिलाई आफ्नै देश भनेर आवागमन गर्न स्वतन्त्र हुन्छ र खासमा त्यहाँ जनता हुन्छन् । त्यसैले आधुनिक परिभाषामा राष्ट्र वास्तवमा भूमिसहितको जनता हो । भूमिमात्रले राष्ट्रको अर्थलाई संकुचित बनाउँछ । उपयुक्त तथ्यहरू र तर्कहरूले नागरिक शिक्षा विद्यालयदेखि विश्वविद्यालयहरूसम्म पनि एकीकृत शिक्षाको रूपमा दिनु नै राज्यको कर्तव्य हो र ती शिक्षालाई ग्रहण गरी अभ्यासमा ल्याउनु नै नागरिक कर्तव्य हो । *रासस*

# चुमभ्यालीमा १० वर्षदेखि हराइरहेका बन्दिपुर

■ प्रतीक्षा आले



**गोरखा–** छेकम गाउँमा गहुँ, फापर, आलु भित्र्याउने चटारोदेखि घर बनाउने, काठ बोक्न वा ढुंगा फुटाउन गाउँलेहरूले सम्झने एउटै नाम हो, 'बन्दिपुर' । 'ओइ बन्दी, बन्दे, बन्दिपुर,' केटाकेटीदेखि बूढाबूढीसम्म सबैको प्रिय नाम हो 'बन्दिपुर' । कोही कसैले बन्दिपुर भन्ने मेसो नपाएर, 'ओइ कान्तिपुर' पनि भन्ने गर्छन् ।

'मेरो त नामै बन्दिपुर भइसक्यो, कहिलेकहीँ म आफैं पनि आफ्नो वास्तविक नाम भुल्छु । कसैले के हो भनेर सोध्दा, म बन्दिपुर भन्न जान्छु,' विगत १० वर्षदेखि चुमभ्यालीमा हराइरहेका सुमन थापामगरले भने । घर तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिका-८ जालभञ्ज्याङ बताउने उनी १४-१५ वर्षदेखि गोरखाको हिमालपारिको गाउँमा गुमनाम छन् । केही वर्षदेखि चुमनुब्री गाउँपालिका-७ को छेकम गाउँमा बस्दै आएका उनी चुमभ्यालीमा प्रवेश गरेको भने १० वर्ष भयो । त्यसअघि उनी चुमनुब्री-३ फिलिम गाउँमा करिब पाँच वर्ष बसेका थिए ।

### कमाउन निस्केको बाटो

४६ वर्षका सुमन थापा २०६८-६९ ताका गोरखाको आरुघाट बजारमा ज्यामी काम गर्न आएका थिए । 'एक जना तुफान भन्ने ठेकेदारको काम गर्न आको, सोतीमा दिनगन्ती १३८ दिन काम गरियो,' १५ वर्षअघिको विगत सम्झँदै सुमनले भने, 'काम सकेपछि ठेकेदारले पैसै नदिई बिचल्ली बनाएर भाग्यो, त्यसपछि भाग्य बिग्रेको अहिलेसम्म बिचल्लीमै छु ।'

सोतीमा काम सकेर बन्दिपुर फर्कने योजना थियो सुमनको । त्यो योजना आजसम्म पनि पूरा हुनसकेको छैन । १५ वर्षदेखि पारिश्रमिक उठाउन नसकेका कारण उनी भोटखोलामै फसेका छन् । 'रित्तो हात कसरी मुख देखाउन घर जाने ?,' उनी सोध्छन् ।

उनी सोतीमा काम गरेको पैसा नपाएपछि त्यहाँबाट तीन दिन पैदल हिँडेर फिलिममा काम गर्न पुगेका हुन् । वि.सं. २०७२ को गोरखा भूकम्पअघि उनी त्यहाँ स्वास्थ्यचौकी बनाउने काम गर्थे । फिलिमबाट पनि उनी बन्दीपुर फर्कन पाएनन् किनभने उनले त्यहाँ पनि श्रम गरेको ज्याला पाएनन् ।

सुमन जोडगाउँका नाम्ग्यालदोर्जे भन्ने मान्छेसँग काम गर्न फिलिम आएको थियो । 'सोतीमा पैसा नपाएपछि सिर्दिबास आएँ । यहाँ पनि उत्तम भट्ट भन्ने ठेकेदारसँग काम गरेको पैसा पाइनँ । नाम्ग्यालदोर्जेले पनि काम लगाएमात्र पैसा दिएनन्,' सुमनले भने । काम गरेको ज्याला नपाएपछि घर जान नपाएका सुमन ठेकेदारहरूका कारण पटक-पटक बिचल्लीमा परिरहे । ज्याला नपाएको तोडमा झन् उँभो, झन् उँभो सर्दै चुमभ्यालीमा फस्न पुगे ।

### उकालो चढ्दै जाँदा हराएको घर फर्किने बाटो

जीवनले कहिलेकाहीँ मानिसलाई बाटो रोज्न दिँदैन । एउटा अधुरो हिसाब उठाउन खोज्दा सुमन अर्को अधुरो हिसाबमा फस्दै ख गए । उनी पैसा खोज्दै उकालो लागे तर उकालो चढ्दै जाँदा घर फर्किने बाटो भने झन् ओझेल पर्दै गयो । सुमन पैसा खोज्दै हिँडेको मान्छेभन्दा पनि पैसा नपाउने चक्रमा फसेको मान्छेचाहिँ हुँदै गए ।

नाम्ग्यालदोर्जे नामक ठेकेदारले सुमनलाई फिलिममा काम गरेको पैसा 'सोतीमा दिन्छु' भनी सोतीमा लगेर ५०० रूपैयाँमात्र दिएर छाड्यो । सुमन सोतीमा पुनः दोस्रोपटक बिच्चलीमा परे । ५०० रूपैयाँले बन्दीपुर जान सम्भव नभएपछि उनी फिलिम नै फर्किए । त्यसलगत्तै २०७२ को भूकम्प गयो । भूकम्पपछि उनले फिलिममा छिरिङ पासाङ नाम गरेका अर्का ठेकेदारसँग काम गरे । पासाङले पनि उनलाई पारिश्रमिक दिएनन् । बरु काम गरेको पैसा काठमाडौं गएर दिन्छु भनेर उनलाई चुमभ्यालीको छेकम्पार ल्याइपुऱ्याए ।

'काठमाडौं भनेर यता ल्यायो, न त काम गरेको पैसा नै पाएँ । त्यत्रो काम गरेको यहाँ (छेकम्पार) ल्याएर जम्मा तीन हजार दिएर छाड्यो,' लामो श्वास फेर्दै सुमनले भने, 'बिरानो गाउँमा विनापैसा गुजारा गर्न सकिन्थेन, त्यसैले यहाँ गाउँमा जे काम पाउँछ त्यही गर्न थालेँ । जसोतसो खान त पुग्यो तर सबैले पैसामा मारे । काम भने मरुन्जेल लाउने तर पैसा नदिने चलन रैछ ठेकदारको । पैसा पाएपछि घर जाउँला भनेर बसेँ । १५ वर्ष भयो, न त पैसा आयो, न त घर नै जान पाएँ ।'

सुमनले सोती र फिलिममा गरेर करिब पाँच वर्ष ज्यामी मजदुरीको काम गरे । पारिश्रमिक पाएनन् । छेकम गाउँमा विगत १० वर्षदेखि अधिकांशको घरमा उनी ज्याला मजदुरी गर्न बसेका छन् । कसैकोमा २८ महिना, कसैकोमा ३० महिना त कसैकोमा वर्ष दिन तर त्यहाँ पनि उही पारिश्रमिक नपाउने व्यथा । सबैले भातको भरमामात्र काम लगाउँछन् उनलाई । 'अब यहाँ दे मेरो पैसा भनेर ठूलो स्वर गर्न पाइँदैन, बोल्यो कि मोऱ्यो,' भाँचिएको हात देखाउँदै उनले भने, 'काम गरेन, पैसा माग्यो भने यस्तो पो हुन्छ ।' अहिले सुमनको हात भाँचिएको महिना दिन भयो । छेकमका छिरिङ पाल्जोर भन्ने मान्छेले आफ्नो हात भाँचिदिएको उनले बताए ।

एक महिनाअघि छिरिङ पाल्जोरसँग सहयोगीका रूपमा छेकम्पारको छेके लेक पुगेका थिए सुमन । साहुहरू लेकमा कीरा (यार्सागुम्बा) टिप्न जाँदा भरियाका रूपमा आफूहरूलाई लिएर गएको सुमनले बताए । घटनाको बेलीविस्तार लगाउँदै उनले भने, 'बिहान भात, बेलुकी भात, दिनभरि भोकभोकै खटिनुपर्थ्यो । उनीहरू कीरा टिप्थे, हामी भरियाहरू सल्लाको फूल । उनीहरूको भारी बोक्ने, चौंरी हेर्ने काम गर्नुपर्थ्यो । साह्रै दुःख भयो भनेर म र अर्को भाइ गाउँ फर्कियौं । नसोधी आइस् भनेर छिरिङ पाल्जोरले यहाँ गाउँमा आएर हात भाँच्चिनेगरी पिटे ।'

बारपाकबाट काम गर्न आएका एक भरियाले ज्याला माग्दा कुटाइ पाए । ढाडमा गम्भीर चोट लागेका उनीचाहिँ सहेर बसेनन्, घर फर्किए । सुमन भने फर्कन सकेनन् । उनका लागि साहुले हातखुट्टा भाँचिदिने विषय सामान्य भइसकेको थियो । छिरिङ पाल्जोरले सुमनको हात भाँच्दै गर्दा छेकम्पार चौकीका प्रहरीहरू प्रत्यक्षदर्शी थिए । न प्रहरीले उनलाई न्याय दिलायो न त स्थानीयवासीले नै । सबैजना मूकदर्शक बनेर हेरिरहेको उनी बताउँछन् ।

### बन्दिपुर एक्लो छैनन्

बन्दिपुरमात्र होइन, कमाइ खाने रहरले यहाँ आइपुगेका अरु रोङ्वाहरूको नियति पनि उस्तै छ । विभिन्न ठाउँबाट भोटखोलामा काम गर्न आएका उनीहरू पनि वर्षौंदेखि गुमनाम छन् । थुप्रै सुमनहरू लेकका साहुकहाँ हली, गोठाला बसेका छन् । सुमनको दौंतरीहरू धने नेपाली र अर्बिन मगर छन् । उनीहरू पनि तल्लो भेगबाट रोजगारीका लागि छेकम्पार पुगेका हुन् । धनबहादुर नेपाली र अर्बिन मगर केही वर्षअघिमात्र चुमभ्याली आएका थिए । आफूहरू रोजगारीका लागि भौतारिँदै चुमभ्याली आएको उनीहरूले बताए । उनीहरू सबैको साझा समस्या हो, काम गरेको पारिश्रमिक नपाउनु । काम गरेको ज्याला नपाउने व्यथाले उनीहरू सबैलाई पिरोलेको छ ।

हात भाँचिएपछि सुमनको उपचार अस्पतालमा भएन । उनको उपचार स्थानीय छेकम गुम्बाको लामाले गरिदिएका छन् । लामाले झारफुक गरेर जडीबुटी खुवाएको उनले बताए । उनको भाँचिएको हात अझै निको भएको छैन । अहिले सुमन छेकम गाउँमा स्थानीय धवाङ्दी लामाको सानो टहरोमा बस्छन् । दिनभर काम गरेर साँझ बिहानको छाक टार्ने उनी हात भाँचिएका कारण धेरै काम गुमाउनुपरेको दुःखेसो सुनाउँछन् । गाउँमा काम गर्न जाँदा उतै खाना खान्छन्, काम नगर्दा आफैं बनाउँछन् । 'अरु त के नै पाउँछ र यता, खाए पनि आलु नखाए पनि आलु,' सुमनले हाँसो ठट्टा गर्दै भने । काम पाएको बेला खाएर दिनको हजार रूपैयाँ ज्यालामा काम गर्छन् तर काम गरेपछि पनि अधिकांशले पैसा दिन आलटाल गर्छन् । उनी छेकम गाउँमामात्र लाखौं रूपैयाँ ज्याला उठाउन बाँकी रहेको बताउँछन् ।

उनलाई बेलाबखत आफ्नो गाउँघरको यादले पिरोल्छ । गाउँमा साथीसंगीसँग मगर कुरामा ठट्टा गरेको उनलाई हिजोझैं लाग्छ । गाउँको याद मेटाउन उनी रक्सीको साहारा लिन्छन् । गाउँमा उनका आमा छन् भने दुई दाइभाइ र दुई बहिनी पनि छन् । सुमनको आफ्नो परिवारसँग अन्तिमपटक बातचित भएको पनि १० वर्ष बित्यो । भूकम्पअघि एकपटक फोनमा कुरा भएको उनी सम्झन्छन् । दाइभाइ र बहिनीको बिहेवारी भइसकेको भए पनि उनको अझै बिहे भएको छैन । *रासस*



**रासायनिक मल लिन भीड** | नेपालगञ्जस्थित जिल्ला सहकारी संघमा बुधबार रासायनिक मल लिनका लागि लागेको किसानको भीड । अहिले बाँकेका स्थानीय तहमा कोटा प्रणालीमा रासायनिक मलको वितरण भइरहेको छ । *तस्बिरः रासस*

# फोहोरबाट आम्दानी गर्दै मध्यबिन्दु

**मध्यबिन्दु (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यबिन्दु नगरपालिकाले घरघरबाट संकलन हुने जैविक फोहोरलाई प्रशोधन गरी जैविक मल उत्पादन गर्दै आम्दानीसमेत गर्न थालेको छ ।

फोहोर व्यवस्थापन अधिकांश स्थानीय तहका लागि चुनौतीको विषय भइरहेका बेला नगरपालिकाले सञ्चालन गरिरहेको सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रमार्फत संकलित जैविक फोहोर प्रशोधन गरी उत्पादन गरिएको मल स्थानीय किसानलाई बिक्री गरिँदै आएको छ । यस कार्यक्रमले वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन र स्थानीय आम्दानी वृद्धि तीनवटै क्षेत्रमा सकारात्मक परिणाम दिएको मध्यबिन्दु नगरपालिका प्रमुख भीमलाल अधिकारीले बताए ।

'गण्डकी प्रदेशको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७९/८० मा स्थापना गरिएको उक्त परियोजनाको कूल लागत दुई करोड १३ लाख ८० हजार रूपैयाँ रहेको छ,' उनले भने, 'नगरपालिकाले भने कार्यक्रमलाई विगत तीन वर्षदेखि निरन्तर प्रभावकारीरूपमा सञ्चालन गर्दै आएको छ ।'

हालसम्म नगर सरसफाइ अभियानमा १४ हजार ८१६ घरपरिवार आवद्ध भएको मध्यबिन्दु नगरपालिका भवन तथा बस्ती विकास शाखा प्रमुख विवेक पोखरेलले बताए । 'घरपरिवारबाट संकलित जैविक फोहोरलाई केन्द्रमा प्रशोधन गरी जैविक मल उत्पादन गर्ने व्यवस्था मिलाइएकाले समुदायस्तरमै फोहोर व्यवस्थापन व्यवस्थित र सहभागितामूलक बन्दै गएको छ,' उनले भने ।

पछिल्ला तीन वर्षमा कार्यक्रम सञ्चालनका लागि छ करोड ५६ लाख रूपैयाँ खर्च भएको मध्यबिन्दु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विपिन क्षेत्रीले बताए । सोही अवधिमा जैविक मल बिक्रीबाट तीन करोड पाँच लाख रूपैयाँ आम्दानी भएको उनले जानकारी दिए । 'जैविक मल उत्पादन केन्द्रले अब वार्षिक सञ्चालन खर्च धान्न सक्ने अवस्थासम्म प्रगति गरेको छ,' उनले भने, 'एउटै योजनाबाट फोहोर व्यवस्थापन र आम्दानी सृजना दुवै उद्देश्य पूरा भएका छन् ।'

स्थानीय किसानले उत्पादन भएको जैविक मल प्रयोग गर्न थालेपछि रासायनिक मलप्रतिको निर्भरता घटाउन पनि सहयोग पुगेको नगरप्रमुख भीमलाल अधिकारीले बताए । 'फोहोर व्यवस्थापन सहज भएको छ । उत्पादन भएको जैविक मल बिक्रीबाट नगरपालिकाले आम्दानीको स्रोतसमेत विकास गरेको छ,' नगरप्रमुख अधिकारीले भने । नेपालका धेरै स्थानीय तह अझै फोहोर व्यवस्थापनको प्रभावकारी मोडेल खोजिरहेका बेला मध्यबिन्दु नगरपालिकाको यो अभ्यास वातावरणीय संरक्षणसँगै आर्थिक प्रतिफल दिने उदाहरणका रूपमा स्थापित हुँदै गएको छ । *रासस*


**युएइमा रोजगार** — ZERO FEE RECRUITMENT & DIRECT APPLY

कम्पनी : PILLAR RECRUITMENT SERVICES-L.L.C-S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344217 | चलानी नं.६०२५७४८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 75 | 0 | 1200 | ४९,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Mason | 30 | 0 | 1500 | ६१,७८९ | | | | | | | |
| 3. | Carpenter Shuttering | 30 | 0 | 1500 | ६१,७८९ | | | | | | | |
| 4. | Steel | 30 | 0 | 1500 | ६१,७८९ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
(Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९



**कतारमा रोजगार** — कम्पनी : CARE WELL HOSPITALITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344145 | चलानी नं. ६०२५७४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Hospital-Indoor) | 0 | 3 | 1000 | ४१,४१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205, Mohan Basnet (9707074771)
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com



**ओमनमा रोजगार** — कम्पनी : Omn International Group Saoc

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | LT. No. 344258 | चलानी नं. ६०२५७४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener/Nursery Worker | 25 | 0 | 120 | ४७,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार २५ गते (9th Jul. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986
Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np


## १५ (पन्ध्र) दिने धितो लिलामीको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१८ (दोस्रो पटक)**

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि. का तपसिलमा उल्लेखित तपाईंले कर्जा उपभोग गर्दै आउनु भएकोमा कर्जाको संस्थालाई समय-समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज आदि भुक्तान गर्न आउन तपाईं ऋणीलाई पटक-पटक मौखिक तथा लिखितरूपमा ७ (सात), १५(पन्ध्र) तथा ३५ (पैंतिस) दिने सूचना दिई तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता गर्न कुनैचासो नदेखाई वेवास्ता गरेकोले धितो लिलामीको दोस्रो पटक १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । दोस्रो पटक सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र ऋणी संस्थामा उपस्थित भई आफूले तिर्नुपर्ने ऋण कर्जाको साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर (धितो लिलाम प्रकृयामा भएका सबै खर्चहरु) चुक्ता-भुक्तान गरेमा सो धितो लिलामीको प्रकृया नै स्थगित गर्नसकिनेछ । तोकिएको म्याद भित्र पनि ऋणकर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रच्चलित नेपाल कानून बमोजिम संस्थाले लिलाम बिक्री गर्ने भएकोले लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्धारा आह्वान गरिन्छ । धितो लिलामी डाक बढाबढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम सँस्था आफैले सो धितो लिलाम सकार गर्नेछ । लिलाम सकारबाट सँस्थाको लेना रकम अपुग भएमा ऋणीको अन्य धितो तथा तिनपुस्तेबाट समेत उठाई लिने व्यहोरा जानकारी गराईन्छ ।

धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरूप सोहि दिन संस्थामा जम्मा गर्नुपर्नेछ । कबोल रकमको बाँकी रकम ७(सात)दिन भित्र जम्मा गरिसक्नुपर्नेछ । तोकिएको म्यादभित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरूप राखेको रकम जफत गरिनेछ । तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुने जग्गाको विवरण |
|---|---|
| **ऋणीको नाम**:– लक्ष्मी कार्की<br>**बाबुको नाम**:– नरेन्द्र बहादुर कार्की,<br>**बाजेको नाम**:– तिलक ब.कार्की<br>**ठेगाना**:– उदयपुर जिल्ला, साविक तपेश्वरी गा. वि. स. वाडा नं. ९, आमबासी, (परिवर्तित ठेगनाः– बेलका न. पा. वडा नं.–१)<br>**हाल ठेगाना**:– काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ (पहेंलोपुल) ना. प्र. नं. २८४८६/४०४४, **जारी मिति**:– २०५२/०१/१३<br>**जारी स्थान**:– जिल्ला प्रशासन कार्यालय, उदयपुर | **धितोको विवरण**:– लक्ष्मी कार्कीको नाममा रहेको उदयपुर जिल्ला, साविक तपेश्वरी गा. वि. स. वडा नं.–९, परिवर्तित बेलका न.पा.वडा नं.१ को नक्सासिट नं. ९ क कि.नं. १५३१ को क्षे.फ. ०–०–७–० (बिघा) र १५३३ को क्षे.फ. ०–०–८.२५–० (बिघा) जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत । |

**श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.**
पिंगलास्थान, गौशाला, काठमाण्डौं फोनं. ०१-४५८३२४५


**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!**
**शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ADNH CATERING, UAE
कम्पनी : एडीएनएच क्याटरीङ, युएई

Pre Approval Date : 2025-07-25 | Post Approval Date : 2026-06-26 | LT. No. 327893 | चलानी नं. ६०२४१६८०
पूर्व स्वीकृति मिति : २०८२/०४/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/१२ | एल टि न. ३२७८९३ | Invoice No. 60241680

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 70 | 0 | 800 | ३२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

The final interview will be conducted in the office on 24th Jul. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ श्रावण ८ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

प्रभाव दैनिक

रूपशाला

## आर्मोन अर्को राउण्डमा

आर्मोन कार्की 'द भ्वाइस किड्स सिजन ५' को ब्लाईण्ड अडिसन राउन्डबाट पार गरी नेक्स्ट राउन्डमा पुगेका छन् । उनले ब्लाईण्ड अडिसन राउन्डमा देश भावले ओतप्रेत स्वरसम्राट नारायण गोपालको गीत 'वीरताको चिनो वीरको सन्तान' गीत गाएर उपस्थित सबैलाई मन्त्रमुग्ध बनाएका थिए । उनले प्रस्तुत दिइरहँदा निकै रोमाञ्चित बनिरहेका कोचहरू मिलन नेवार र अर्जुन सापकोटाले बेल बजाउँदै कुर्ची फर्काएका थिए । उनले टिम रोज्ने क्रममा मिलन नेवारलाई सरी म्याम भन्दै टिम अर्जुन सापकोटा रोजेका थिए । उनका स्वर र प्रस्तुतिको सबै कोचहरूले खुलेरै प्रशंसा गरेका थिए ।



बिहीबार, १८ असार २०८३ (Thursday, 2 July 2026)

# 'आ बाट आमा २' को मध्यपूर्व राइट्स पनि 'सोल्ड आउट'



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक चन्द्र पन्तद्वारा निर्देशित चलचित्र 'आ बाट आमा २' ले प्रदर्शनअघि नै अन्तर्राष्ट्रिय बजारमा उत्साहजनक सफलता हात पारिरहेको छ। निर्माण पक्षका अनुसार चलचित्रको मध्यपूर्व (यूएई, कुवेत, साउदी अरेबिया, कतार, बहराइन र ओमान) प्रदर्शन अधिकार बिक्री भएको छ ।

आर्या इन्टरटेनमेन्ट प्रा.लि.का तर्फबाट निर्देशक चन्द्र पन्त र आशिष इन्टरटेनमेन्टको टोलीबीच यससम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको हो । यो सम्झौतासँगै मध्यपूर्वको वितरण अधिकार 'सोल्ड आउट' भएको छ । यसअघि नै यो चलचित्रको प्रदर्शन अधिकार जापानका लागि 'आर एन्ड बी इन्टरटेनमेन्ट' तथा अमेरिका र क्यानडाका लागि 'डोको फिल्म्स' ले महँगो रकममा खरिद गरिसकेका छन् ।

आर्या इन्टरटेनमेन्ट प्रा.लि.को ब्यानरमा निर्माण भएको यस चलचित्रमा पल शाह, मलिका महत, विपना थापा, प्रदीप रावत, आकाश श्रेष्ठ, रिस्ता गुरुङ, निकिता आचार्य, सबिन श्रेष्ठ, विपना थापा, प्रदीप रावत, साइग्रेस पोखरेल, गजित बिष्ट, नरेन खड्का लगायतको को मुख्य भूमिका रहेको छ ।

वैदेशिक रोजगारीका कारण टाढिएका सन्तान र उनीहरूको प्रतीक्षामा जीवन बिताइरहेकी आमाको भावनालाई केन्द्रमा राखिएको यो चलचित्रले यसपटक पनि दर्शकको मन छुने अपेक्षा गरिएको छ । 'आउँछु भन्ने एउटा झुटो आशामा आमाले वर्षौंदेखि जमरा छरिरहेकी हुन्छिन्' भन्ने भावनात्मक संवादले कथावस्तुप्रति थप उत्सुकता जगाएको छ ।

प्रदर्शनमा आउनु अगावै वितरण अधिकार (डिस्ट्रिब्युसन राइट्स) बिक्री हुनुले चलचित्रको माग उच्च रहेको देखाउँछ । निर्देशक पन्तकै लेखन र पटकथा रहेको यस चलचित्रका मुख्य व्यवस्थापक (प्रोडक्सन म्यानेजर) करणसिंह रसाली हुन् ।

आगामी असोज ३० गतेदेखि प्रदर्शनमा आउन लागेको यो चलचित्रलाई लिएर निर्माण पक्ष निकै उत्साहित छ । 'दशैंको जमरा र आमाको पर्खाइको कथा' नारा (स्लोगन) राखिएको यस चलचित्र पारिवारिक एवं भावनात्मक कथावस्तुमा आधारित छ । नेपालमा यस चलचित्रको वितरण 'आरआर फिल्म्स' ले गर्दै छ भने डिजिटल अधिकार 'ओएसआर डिजिटल' ले लिएको छ ।

चन्द्र पन्तकै निर्देशन तथा निर्माणमा बनेको पहिलो भाग 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा १३ करोड भन्दामाथीको व्यापार गरेको थियो । जुन चलचित्र विकास बोर्डले आफ्नो २६ वार्षिक उत्सवमा सर्वाधिक कमाउने सुचिमा राखेको छ ।

# 'मन विनाको धन २'मा विपिनको इन्ट्री



**काठमाडौं (प्रस)–** चाँडै नै छायांकनमा जान लागेको फिल्म 'मन विनाको धन २'मा नायक विपिन कार्कीको प्रवेश भएको छ । पछिल्लो समयका सर्वाधिक व्यस्त तथा उच्च माग भएका नायक कार्कीको प्रवेशले फिल्मको लाइनअप निकै बलियो बनाएको छ । यो फिल्ममा विपिनको भूमिका के हुनेछ भन्ने बिषयमा केही पनि खुलाइएको छैन ।

टंक बुढाथोकी प्रोडक्सनको व्यानरमा निर्माण हुन लागेको यो फिल्ममा टंक वुढाथोकीको कथा तथा निर्देशन, शिवम् अधिकारीको लेखन छ ।

फिल्मको हाल धमाधम प्रि प्रोडक्सनको काम चलिरहेको छ । यो फिल्ममा यसअघि नायिका पूजा शर्मा, नायक महेश त्रिपाठी, कलाकारहरू सरोज खनाल र किरण केसी फाइनल भइसकेका छन् ।

पूजा र विपिनले पहिलो पटक फिल्मको पर्दामा एकसाथ काम गर्न लागेका हुन् । यसैले पनि दर्शकका लागि पूजा र विपिनको केमेष्ट्री रोचक हुने पक्का छ ।

फिल्म 'मन विनाको धन २'लाई सामाजिक कथावस्तुमा निर्माण गर्न लागिएको हो । फिल्ममा विपिनको प्रवेश भएपछि उत्साहित भएका निर्देशक वुढाथोकीले भने-'हामीले केही सातादेखि विपिनजीसँग कुराकानी गरिरहेका थियौं । उहाँ कथावस्तुलाई लिएर निकै उत्साहित हुनुभयो । दर्शकले उहाँलाई नयाँ अवतारमा यो फिल्ममा देख्न पाउनेछन् ।'

गतबर्ष रिलिजमा आएको फिल्म 'मन विनाको धन'ले बक्स अफिसमा करिब ४ करोडको ग्रस कलेक्शन गरेको थियो । यो फिल्मको सफलताले उत्साहित टंकले यसपटक 'मन विनाको धन २'लाई अझै बलियो बनाउने बताएका छन् ।






# फ्रान्स, मेक्सिको र नर्वे अन्तिम १६ मा

## स्विडेन, इक्वेडर र आइभरी कोस्ट बाहिरिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकप २०२६ को नकआउट चरणका पहिलो खेलमा जित हात पार्दै फ्रान्स, मेक्सिको र नर्वे अन्तिम १६ मा प्रवेश गरेका छन् ।

फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गतको खेलमा फ्रान्स स्विडेनलाई पराजित गर्दै अन्तिम १६ मा पुगेको छ । अमेरिकाको न्यूयोर्कस्थित न्यूजर्सी रंगशालामा भएको खेलमा फ्रान्सले स्विडेनलाई ३-० गोलअन्तरले पराजित गऱ्यो ।

फ्रान्सको जितमा खेलको ४५औं र ७४औं मिनेटमा किलियन एम्बाप्पेले गोल गरे भने खेलको ५३औं मिनेटमा ब्राडली बारकोलाले गोल गरे । अब अन्तिम १६ मा फ्रान्सले पाराग्वेको सामना गर्नेछ ।



### मेक्सिको विजयी

त्यस्तै इक्वेडरलाई पराजित गर्दै मेक्सिको फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा पुगेको छ ।

मेक्सिको सिटीस्थित एस्टाडियो अज्टेका स्टेडियममा सम्पन्न खेलमा इक्वेडरलाई २-० गोलअन्तरले हराउँदै अन्तिम १६ मा स्थान पक्का गरेको हो । मेक्सिकोको जितमा जुलियन क्विनोनेस र राउल जिमेनेजले समान एक/एक गोल गरे ।

खेलको २१औं मिनेटमा जुलियनले गोल गर्दै मेक्सिकोलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ३१औं मिनेटमा राउलले गोल गर्दै मेक्सिकोको अग्रता दोब्बर बनाए । त्यसपछि खेलमा दुवै टोलीले गोल गर्न सकेनन् र खेल मेक्सिको पक्षमा रह्यो ।

मेक्सिकाले यसअघि भएको समूह चरणको खेलमा दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिकलाई पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको थियो । यस हारसँगै इक्वेडर भने विश्वकपबाट बाहिरिएको छ ।

### नर्वेद्वारा आइभरी कोस्ट पराजित

फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गतको खेलमा आइभरी कोस्टलाई पराजित गर्दै नर्वे अन्तिम १६ मा पुगेको छ ।

अमेरिकाको डलास रंगशालामा भएको खेलमा नर्वेले आइभरी कोस्टलाई २-१ गोलअन्तरले पराजित गऱ्यो । नर्वेका लागि खेलको ३९औं मिनेटमा एन्टोनियो नुसाले गोल गरे । खेलको ७४औं मिनेटमा आइभरी कोस्टका लागि अमाद डियाल्लोले गोल गर्दै खेल बराबरीमा ल्याए । त्यसपछि खेलको ८६औं मिनेटमा एर्लिङ हल्याण्डले गोल गर्दै नर्वेलाई २-१ को अग्रता दिलाए । त्यसपछि खेलमा कुनै पनि गोल भएन र नर्वे अन्तिम १६ मा पुग्यो । अब अन्तिम १६ मा नर्वेले ब्राजिलको सामना गर्नेछ ।

### नेदरल्यान्ड्सका प्रशिक्षकको राजीनामा

मोरक्कोसँग नाटकीय हार बेहोर्दै विश्वकपबाट बाहिरिएपछि नेदरल्यान्ड्सका मुख्य प्रशिक्षक रोनाल्ड कोम्यान अब टोलीको जिम्मेवारीमा रहने छैनन् । टोलीको असफलताको पूर्ण जिम्मेवारी आफूले लिँदै ६३ वर्षीय डच प्रशिक्षकले पदबाट राजीनामा घोषणा गरेका छन् ।

मंगलबार सामाजिक सञ्जाल इन्स्टाग्राममार्फत निर्णय सार्वजनिक गर्दै कोम्यानले नेदरल्यान्ड्स राष्ट्रिय टोलीको मुख्य प्रशिक्षक पद छोड्ने बताएका हुन् । उनले विश्वकपमा अपेक्षा पूरा गर्न नसकेको निराशा आफूले पनि सबैभन्दा बढी महसुस गरेको उल्लेख गरे ।

कोम्यानले भने, 'पूरै टोलीले विश्वकपमा इतिहास बनाउने सपना देखेको थियो । तर, त्यो लक्ष्य पूरा हुन सकेन । मुख्य प्रशिक्षकका रूपमा अन्तिम जिम्मेवारी मेरो नै हो ।' यो नेदरल्यान्ड्सको प्रशिक्षकका रूपमा कोम्यानको दोस्रो कार्यकाल थियो । उनले यसअघि सन् २०१८ देखि २०२० सम्म पहिलो पटक टोली सम्हालेका थिए ।

एसपिए सुदूरपश्चिम स्पोर्ट्स अवार्ड

# वर्ष पुरूष र महिला खेलाडीको मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**धनगढी –** भोली अर्थात् शुक्रबार कैलालीको धनगढीमा हुने 'सातौं एसपीए सुदूरपश्चिम स्पोर्ट्स अवार्ड'को थप दुई विधाको मनोनयन सार्वजनिक गरिएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले वर्ष खेलाडी पुरुष र महिलाको मनोनयन सार्वजनिक गरेको हो ।

छनोट समितिका अनुसार वर्ष खेलाडी पुरुषतर्फ क्रिकेटका दुई खेलाडीसहित भारोत्तोलनका एक खेलाडी रहँदा महिलातर्फ भने दृष्टिविहीन क्रिकेट, कबडी र फुटबलका खेलाडी मनोनयनमा परेका छन् । पुरुषतर्फ ट्वान्टी२० राष्ट्रिय क्रिकेट टोलीका कप्तान दिपेन्द्रसिंह ऐरी, भारोत्तोलक अशोक भण्डारी र राष्ट्रिय क्रिकेट टोलीका तीव्र गतिका बलर हेमन्त धामी मनोनयनमा परेका छन् ।

ऐरीले ट्वान्टी२० अन्तर्राष्ट्रिय क्रिकेटमा लगातार पाँच खेलमा रनआउट गर्दै विश्व कीर्तिमान बनाएका थिए । उनले आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत यूएईसंग त्रिकोणात्मक शृंखलामा नेपालका लागि सर्वाधिक १७५ रन बनाएका थिए ।

दीपेन्द्रले विश्वकपमा स्कटल्याण्डविरुद्ध अविजित अर्धशतक प्रहार गर्दै नेपाललाई १२ वर्षपछि विश्वकपमा जित दिलाउन उनले महत्वपूर्ण भूमिका खेलेका थिए । विश्वकपमै इंग्ल्यान्डविरुद्ध ४४ तथा वेस्ट इन्डिजविरुद्ध ५८ रनको उत्कृष्ट इनिङ खेलेका थिए । नेपाल प्रिमियर लिगमा उनको कप्तानीमा सुदूरपश्चिम रोयल्स उपविजेता बनेको थियो ।

भारोत्तोलक अशोक भण्डारीले काठमाडौ र राजविराजमा सम्पन्न राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा स्वर्ण पदकसँगै दुई वटा राष्ट्रिय कीर्तिमान कायम गरेका थिए । वीरगञ्जमा सम्पन्न अन्तरप्रदेश राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा पनि उनले स्वर्ण पदक जितेका थिए । एकै वर्ष तीन राष्ट्रिय प्रतियोगितामा ह्याट्रिक स्वर्णसहित दुई राष्ट्रिय कीर्तिमान कायम गर्दै उनी मनोनयनमा परेका हुन् ।

क्रिकेटर हेमन्त धामीले प्रधानमन्त्री कपमा सुदूरपश्चिम प्रदेशका प्रमुख तीव्र गतिका बलरका रूपमा उत्कृष्ट प्रदर्शन गर्दै ८ खेलमा २२ विकेट लिएर सर्वाधिक विकेटकर्ता बनेका थिए । बागमतीविरुद्ध ६ ओभरमा १४ रन खर्चेर ७ विकेट लिँदै प्रधानमन्त्री कप इतिहासकै उत्कृष्ट बलिङ प्रदर्शनको कीर्तिमान पनि उनले बनाएका थिए ।

महिलातर्फ दृष्टिविहीन क्रिकेटकी पुनम चौधरी, कबड्डीकी मानमती बिष्ट र फुटबलकी मिना देउवा मनोनयनमा परेका छन् । चौधरी पहिलो दृष्टिविहीन महिला ट्वान्टी क्रिकेट विश्वकपमा उपविजेता बनेको नेपाली टोलीकी सदस्य हुन् ।

कबड्डी खेलाडी मानमती बिष्टले चीनमा सम्पन्न छैटौं बीच एसियन गेम्समा नेपाललाई ऐतिहासिक कास्य पदक दिलाउने टोलीको कप्तानी गरेकी थिइन् ।

फुटबल खेलाडी मिना देउवाले साफ यू-२० महिला च्याम्पियनसिपमा नेपाललाई उपविजेता बनाउन उत्कृष्ट प्रदर्शन गर्दै ६ खेलमा ७ गोल गरी संयुक्त सर्वाधिक गोलकर्ताको कीर्तिमान बनाएकी थिइन् । श्रीलंका र भुटानविरुद्ध दुई ह्याट्रिक गरेकी उनले राष्ट्रिय महिला टोलीबाट डेब्यु गर्दै इरानविरुद्ध अन्तर्राष्ट्रिय खेल पनि खेलेकी थिइन् ।

'सातौं एसपीए सुदूरपश्चिम स्पोर्ट्स अवार्ड'का लागि यसअघि नै वर्ष प्रशिक्षक, वर्ष युवा खेलाडी, सुदूरपश्चिम आइकन पुरुष र महिलाको मनोनयन सार्वजनिक भइसकेको छ । छनोट समितिका सदस्य नवराज पनेरुका अनुसार वर्ष प्रशिक्षकको लागि क्रिकेटका धिरेन्द्र चन्द, कबड्डीका विष्णुदत्त भट्ट र भारोत्तोलनका जीवन गौतम मनोनयनमा परेका छन् । 'वर्ष युवा खेलाडी' विधामा एथलेटिक्सका विरेन्द्र नाथ, कबड्डीका सुशील चुनारा र एथलेटिक्सकी संगीता विक मनोनयनमा परेका छन् ।

त्यस्तै, 'सुदूरपश्चिम आइकन पुरुष' विधामा क्रिकेटका नारायण जोशी, भारोत्तोलनका अशोक भण्डारी र सुटिङका सुनिल चन्द मनोनयनमा परेका छन् । 'सुदूरपश्चिम आइकन महिला' विधामा कबडीकी दिपा देउवा, एथलेटिक्सकी पूजा साउँद र तेक्वान्दोकी दिपा जैशी मनोनयनमा परेका छन् ।

अवार्डको मुख्य प्रायोजन सुदूरपश्चिमाञ्चल एकेडेमी (एसपीए) छ भने सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्ले अवार्ड कार्यक्रमलाई मुख्य प्रवर्द्धकका रूपमा साथ दिन सम्झौता गरिसकेको छ । यस्तै, भायानेट इन्टरनेट पार्टनरको रूपमा अवार्डमा जोडिएको छ ।

ट्रम्पको क्रिप्टो कारोबार

# एक वर्षमा कमाए एक अर्ब डलर



**न्युयोर्क–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२५ मा आफ्ना परिवारसँग सम्बन्धित क्रिप्टोकरेन्सी कारोबारबाट करिब एक अर्ब डलरबराबरको आम्दानी गरेको विवरण सार्वजनिक भएको छ ।

अमेरिकी सरकारी नैतिकता कार्यालयले मंगलबार सार्वजनिक गरेको ९२७ पृष्ठको आर्थिक खुलासाअनुसार ट्रम्पले विशेषगरी वर्ल्ड लिबर्टी फाइनान्सियल र ट्रम्प क्रिप्टोकरेन्सीसँग सम्बन्धित कारोबारबाट ठूलो आय आर्जन गरेका हुन् । यही आम्दानीका कारण सन् २०२४ देखि २०२६ बीच उनको व्यक्तिगत सम्पत्ति दुई अर्ब ३० करोड डलरबाट बढेर छ अर्ब ५० करोड डलर पुगेको फोर्ब्सले जनाएको छ ।

खुलासाअनुसार ट्रम्पले स्टार्टअप कम्पनी वर्ल्ड लिबर्टी फाइनान्सियलसँगको सम्बन्धबाट करिब पाँच करोड ५० लाख डलर प्राप्त गरेका थिए भने जनवरी २०२५ मा राष्ट्रपतिको शपथअघि सार्वजनिक गरिएको ट्रम्प क्रिप्टोकरेन्सीसँग सम्बन्धित इजाजतपत्र सम्झौताबाट थप ६३ करोड ५० लाख डलर रोयल्टी प्राप्त गरेको उल्लेख छ । उक्त कम्पनी सेप्टेम्बर २०२४ मा ट्रम्पका छोराहरू र मध्यपूर्वका विशेष दूत स्टिभ विटकफका छोराले संयुक्त रूपमा स्थापना गरेका थिए ।

वर्ल्ड लिबर्टी फाइनान्सियलले आफ्नै डब्लुएलएफआई टोकन बिक्रीबाट ५५ करोड डलर उठाएको थियो । सेप्टेम्बर २०२५ देखि कारोबारयोग्य बनेको यो टोकनको मूल्य ४६ सेन्टबाट घटेर हाल करिब छ सेन्टमा झरेको छ । ट्रम्प र उनका तीन छोराले डिटी मार्क्स डेफीमार्फत थप २२ अर्ब ५० करोड डब्लुएलएफआई टोकन प्राप्त गरेका छन् । यसको हालको अनुमानित मूल्य एक अर्ब ३० करोड डलर रहेको जनाइएको छ । कम्पनीले अप्रिल २०२५ मा अमेरिकी डलरसँग आबद्ध स्टेबलकोइन पनि सार्वजनिक गरेको थियो ।

क्रिप्टोकरेन्सी गतिविधिका कारण ट्रम्पमाथि राष्ट्रपति रहँदै आफूले लगानी गरेको क्षेत्रलाई नियमनमुक्त बनाउन प्रयास गरेको भन्दै स्वार्थको द्वन्द्वको आरोप लाग्दै आएको छ । तर ह्वाइट हाउसले ती आरोप अस्वीकार गर्दै राष्ट्रपति वा उनको परिवार कुनै पनि स्वार्थको द्वन्द्वमा संलग्न नरहेको जनाएको छ । ह्वाइट हाउसकी प्रमुख उपप्रेस सचिव अन्ना केलीले ट्रम्पले अमेरिकालाई विश्वको 'क्रिप्टो राजधानी' बनाएको दाबी गर्दै प्रशासनका सबै निर्णय अमेरिकी जनताको हितमा केन्द्रित रहेको बताइन् ।

सन् १९७८ को कानुनअनुसार राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो सम्पत्ति तथा आम्दानी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।

यसपटकको खुलासामा प्रथम महिला मेलानिया ट्रम्पले अमेजनका लागि निर्माण गरिएको वृत्तचित्रबाट एक करोड डलरभन्दा बढी र आफ्नो पुस्तक 'मेलानिया' बाट पाँच लाख डलरभन्दा बढी आम्दानी गरेको उल्लेख छ । ट्रम्पले कोइनबेसजस्ता क्रिप्टो कम्पनीका सेयर, ट्रम्प ब्राण्डका विभिन्न सामग्री तथा गायक ली ग्रीनवुडसँगको सहकार्यमा बिक्री गरिएको बाइबलबाट पनि उल्लेखनीय आम्दानी गरेको विवरणमा जनाइएको छ ।

ट्रम्पको सम्पत्ति हाल उनका छोरा डोनाल्ड ट्रम्प जुनियरद्वारा सञ्चालित ट्रस्टमा राखिएको छ । यद्यपि, ट्रस्टको व्यवस्थाअनुसार कुनै पनि बेला त्यसको विघटन सम्भव भएकाले सन् २०२९ मा दोस्रो कार्यकाल समाप्त भएपछि ट्रम्पले सम्पत्तिमाथिको प्रत्यक्ष नियन्त्रण पुनः प्राप्त गर्न सक्ने अवस्था रहेको उल्लेख गरिएको छ ।

यही आर्थिक खुलासामा उपराष्ट्रपति जेडी भान्सले पनि सन् २०१६ मा प्रकाशित आफ्नो संस्मरण 'हिलबिली एलेगी' बाट १० लाखदेखि ५० लाख डलरसम्म रोयल्टी प्राप्त भएको विवरण सार्वजनिक गरेको छ । *रासस/एएफपी*

# चीनमा कडा लगानी सुरक्षा नियम लागू

**बेइजिङ–** अमेरिका-चीनबीच प्रविधि क्षेत्रमा बढ्दो प्रतिस्पर्धाकाबीच चीनले बुधबारदेखि विदेशी लगानी र सीमापार लगानीसम्बन्धी गतिविधिमाथि कडा राष्ट्रिय सुरक्षा नियम लागू गरेको छ । नयाँ व्यवस्थाले राष्ट्रिय सुरक्षामा प्रभाव पार्न सक्ने लगानी, प्रविधि, सेवा तथा दक्ष जनशक्तिको सीमापार आवागमनमाथि सरकारलाई थप निगरानी र समीक्षा गर्ने अधिकार दिएको छ ।

जुन १ मा घोषणा गरिएको यी नियमले चीनको सीमा पार गर्ने पुँजी, कर्मचारी, प्रविधि तथा सेवासम्बन्धी गतिविधिलाई नियमन गर्न व्यापक कानुनी आधार तयार गरेको छ । चीनको मन्त्रिपरिषद् स्टेट काउन्सिलले जारी गरेको व्यवस्थाअनुसार यसको उद्देश्य विदेशी लगानीको गुणस्तर र स्तर सुधार गर्दै राष्ट्रिय सुरक्षाको संरक्षण गर्नु हो ।

नियमअनुसार सबै बाहृय लगानीले 'समग्र राष्ट्रिय सुरक्षा अवधारणा'को पालना गर्नुपर्ने छ र घरेलु तथा अन्तर्राष्ट्रिय हितबीच सन्तुलन कायम गरिने उल्लेख गरिएको छ । साथै, राष्ट्रिय सुरक्षामा असर पार्न सक्ने कुनै पनि लगानी वा सम्पत्ति स्थानान्तरणको समीक्षा गर्ने अधिकार पनि सरकारलाई दिइएको छ ।

बेइजिङले कृत्रिम बौद्धिकता, कम्प्युटर चिप र हरित प्रविधिलाई रणनीतिक तथा आर्थिकरूपमा महत्त्वपूर्ण क्षेत्र मानेर ती उद्योगको स्वदेशी विकासलाई प्राथमिकता दिँदै आएको छ । यसै क्रममा सीमापार कारोबारमाथिको निगरानी थप कडा बनाइएको हो । नयाँ व्यवस्थाअनुसार हालसम्म वस्तु र डेटामा सीमित रहेका निर्यात नियन्त्रण अब सेवा, प्रविधि हस्तान्तरण तथा प्राविधिक विशेषज्ञलाई विदेश पठाउने वा विदेशमा तालिम दिने गतिविधिसम्म विस्तार गरिएको छ ।


यस कदमले विदेशी लगानीकर्ताको चीनको विशाल प्रविधि बजारमा पहुँच सीमित हुन सक्ने चिन्ता पनि बढाएको छ । चीनले सीमापार लगानीप्रति अपनाउँदै आएको सतर्क नीतिअन्तर्गत अप्रिलमा मेटाले चीनमा स्थापना भई हाल सिंगापुरमा आधारित एआई स्टार्टअप मानुसलाई अधिग्रहण गर्ने प्रयासप्रति पनि आपत्ति जनाएको थियो ।

अमेरिका-चीन आर्थिक तथा सुरक्षा समीक्षा आयोगले यो निर्णय चीनले राष्ट्रिय सुरक्षाको नाममा विदेशी लगानीमाथि नियन्त्रण बढाउँदै आएको दीर्घकालीन प्रवृत्तिको निरन्तरता भएको जनाएको छ । आयोगले मे महिनामै चीनका राष्ट्रिय सुरक्षा कानुनको व्याख्या र कार्यान्वयनमा अधिकारीहरूलाई व्यापक अधिकार रहेकाले विदेशी कम्पनीका लागि कानुनी अनिश्चितता र व्यावसायिक जोखिम थप बढ्न सक्ने चेतावनी दिएको थियो । *रासस/एएफपी*

# सीको जोडः बलियो सेना र भ्रष्टाचार अन्त्य

बेइजिङ- चिनियाँ राष्ट्रपति सी चिनफिङले देशको रक्षा क्षमता थप सुदृढ बनाउने, सेनाको आधुनिकीकरणलाई तीव्रता दिने र सत्तारूढ चिनियाँ कम्युनिस्ट पार्टीभित्रको भ्रष्टाचारविरुद्धको अभियानलाई अझ कडा बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । उनले ताइवानलाई चीनसँग एकीकरण गर्ने लक्ष्य पनि पुनः दोहोर्‍याउँदै बाहृय हस्तक्षेपको विरोध गर्न आग्रह गरेको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको १०५औं स्थापना दिवसका अवसरमा ग्रेट हल अफ द पिपुलमा आयोजित कार्यक्रममा राजनीतिक तथा सैन्य नेतृत्वलाई सम्बोधन गर्दै सीले सशस्त्र सेनामाथि पार्टीको पूर्ण नेतृत्व कायम राख्दै राष्ट्रिय रक्षा र सेनाको आधुनिकीकरणलाई निरन्तर अघि बढाइने बताए । उनले बलियो सेना राष्ट्रिय सुरक्षाको आधार भएको उल्लेख गर्दै रक्षा क्षमता थप सुदृढ बनाइने धारणा राखे ।



सीले पार्टीले भ्रष्टाचारविरुद्धको दीर्घकालीन र व्यापक अभियानलाई दृढतापूर्वक अघि बढाउनुपर्ने बताए । उनको नेतृत्वमा सञ्चालित भ्रष्टाचारविरोधी अभियानका क्रममा पछिल्ला तीन वर्षमा दुई जना रक्षामन्त्री पदमुक्त भएका छन् भने चीनको सर्वोच्च सैन्य निकाय केन्द्रीय सैन्य आयोगमा पनि व्यापक फेरबदल भएको छ । यही अभियानका कारण चिनियाँ सेनाको युद्ध क्षमता र नेतृत्व संरचनामाथि विश्लेषकहरूले प्रश्नसमेत उठाउँदै आएका छन् ।

यसअघि मे महिनामा केन्द्रीय सैन्य आयोगले वरिष्ठ सैन्य अधिकारीमाथि कडा शिक्षा, व्यवस्थापन र निगरानी लागू गर्ने नयाँ व्यवस्था सार्वजनिक गरेको थियो । यसको उद्देश्य सेनाभित्र अनुशासन र पारदर्शिता सुदृढ गर्नु रहेको बताइएको छ ।

सम्बोधनका क्रममा सीले ताइवान चीनको अभिन्न हिस्सा रहेको दोहोर्‍याउँदै ताइवानसँगको पूर्ण एकीकरण चिनियाँ कम्युनिस्ट पार्टीको ऐतिहासिक लक्ष्य र सम्पूर्ण चिनियाँ जनताको साझा आकांक्षा भएको बताए । कुनै देशको नाम उल्लेख नगरी उनले बाहृय शक्तिको हस्तक्षेपको दृढतापूर्वक प्रतिरोध गर्न पनि आह्वान गरे । सन् १९२१ जुलाई १ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टीको सन् २०२५ को अन्त्यसम्म १० करोड १० लाखभन्दा बढी सदस्य रहेको सरकारी समाचार संस्था सिन्ह्वाले जनाएको छ । *रासस/एएफपी*



बुधबार बिहान रुसको सेन्ट पिटर्सबर्गमा रहेको बग्ने रगतको मुक्तिदाता क्याथेड्रल पछाडि देखिएको अस्ताउँदो पूर्णिमा । *तस्विरः एपी*

# लाहोरमा शिक्षण केन्द्रको छत खस्दा १४ बालबालिकाको मृत्यु

**लाहोर–** पाकिस्तानको पूर्वी सहर लाहोरस्थित एक निजी शिक्षण केन्द्रमा निर्माणाधीन भवनको छत खस्दा कम्तीमा १४ जना विद्यालय उमेरका बालबालिकाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् । प्रहरीका अनुसार भग्नावशेषमा थप बालबालिका फसेको आशंकामा उद्धार कार्य जारी छ । घटनापछि शिक्षण केन्द्रका सञ्चालक र अर्का एक जनालाई पक्राउ गरिएको छ ।

वरिष्ठ प्रहरी अधिकारी फैसल कामरानका अनुसार पुरानो भवनमा सञ्चालन भइरहेको शिक्षण केन्द्रको अपूर्ण दोस्रो तलाको छत कमजोर निर्माणका कारण भत्किएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । घाइते बालबालिकाको अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए । छत खस्नेबित्तिकै एम्बुलेन्स, सुरक्षाकर्मी र उद्धार टोली घटनास्थलमा पुगेका थिए । स्थानीय बासिन्दाले पनि बेलचा र खाली हातले भग्नावशेष हटाउँदै फसेका बालबालिकाको खोजीमा सहयोग गरेका थिए ।

घटनापछि अस्पताल र शिक्षण केन्द्र रहेको क्षेत्रमा शोकको वातावरण छाएको छ । बालबालिकाको शव परिवारलाई बुझाइँदा आफन्तहरू भावविह्वल बनेका थिए । अधिकांश पीडित स्थानीय बासिन्दा भएकाले मंगलबार नै अन्त्येष्टि गरिने तयारी गरिएको थियो ।



स्थानीय बासिन्दाले असुरक्षित र जीर्ण भवनमा कक्षा सञ्चालन गरेको आरोप लगाउँदै शिक्षण केन्द्रका सञ्चालकमाथि कडा कारबाहीको माग गरेका छन् । एक स्थानीय बासिन्दा जफर इकबालले एउटै टोलका धेरै परिवारले आफ्ना सन्तान गुमाएकाले कसको घरमा पहिले समवेदना व्यक्त गर्न जाने भन्ने अवस्थासमेत नरहेको बताए । पाकिस्तानमा कमजोर निर्माण गुणस्तर, सुरक्षा मापदण्डको बेवास्ता र जीर्ण भवनका कारण भवन भत्किने घटना पटक-पटक हुने गरेका छन् ।

राष्ट्रपति आसिफ अली जरदारी र प्रधानमन्त्री शाहबाज सरिफले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गरेको छ । उनीहरूले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै यस्ता दुर्घटना दोहोरिन नदिन प्रभावकारी सुरक्षा व्यवस्था लागू गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ । *रासस/एपी*

# दक्षिण कोरियाको प्रधानमन्त्रीमा हान नियुक्त

**सियोल (दक्षिण कोरिया)–** दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले हान सेओङ सुकलाई प्रधानमन्त्रीमा नियुक्त गरेको राष्ट्रपति प्रवक्ता काङ् यु-जुङले बुधबार घोषणा गरेका छन् ।



नियुक्ति आगामी जुलाई जुलाई १ देखि लागू हुने जनाइएको छ । यो सँगै हान ली जे म्युङको प्रशासनमा दोस्रो महिला प्रधानमन्त्री, किम मिन-सिओकको उत्तराधिकारी र देशको इतिहासमा ५०औं प्रधानमन्त्री बनेकी छन् ।

दक्षिण कोरियाको राष्ट्रिय सभाले हान सेओङ-सुकलाई प्रधानमन्त्रीको रूपमा नियुक्त गर्न गरेको मतदानमा १६६ मत पक्षमा र सत्तापक्ष र सरकार समर्थक दलहरूबाट उपस्थित १६७ सदस्यहरूमध्ये एक विपक्ष मतको साथ अनुमोदन गरेको जनइएको छ । हान यस पदका लागि अयोग्य भएको तर्क गर्ने मुख्य विपक्षी दल पिपुल पावर पार्टी (पिपिपी) ले बहिष्कार गरेता पनि जुन ३० मा पूर्ण अधिवेशनमा मतदान भएको थियो ।

लघु तथा मध्यम उद्यम (एसएमई) मन्त्रीका रूपमा कार्यरत हान सेओङ-सुक प्रधानमन्त्री नियुक्ति भएसँगै, २० वर्षपछि दक्षिण कोरियाले पुनः महिलामन्त्री पाएको छ । *रासस/क्युएनए*

# म्यान्मा द्वन्द्वमा मृतक एक लाख नाघे

**यांगुन–** म्यान्मामा सन् २०२१ को सैन्य तख्तापलटपछि सुरु भएको गृहयुद्धमा मृत्यु हुनेको संख्या एक लाख नाघेको छ । द्वन्द्वसम्बन्धी घटनाको अभिलेख राख्ने संस्था सशस्त्र द्वन्द्व स्थान तथा घटना तथ्यांक (एसिएलइडी) का अनुसार सबै पक्षबाट हालसम्म कम्तीमा एक लाख १४ जनाको ज्यान गएको छ । विश्लेषकहरूले यसलाई अहिले एसियाकै सबैभन्दा घातक सक्रिय द्वन्द्वका रूपमा वर्णन गरेका छन् ।

सैन्य नेतृत्वले फेब्रुअरी २०२१ मा आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गर्दै सत्ता कब्जा गरेको थियो । त्यसपछि लोकतन्त्र समर्थक प्रदर्शनमाथि गरिएको दमनले सशस्त्र विद्रोहको रूप लिँदा प्रजातन्त्र समर्थक समूहहरू जातीय सशस्त्र संगठनसँग मिलेर सेनाविरुद्ध लडिरहेका छन् । हालसम्म एक हजार २०० भन्दा बढी सशस्त्र समूह सक्रिय रहेको एसिएलइडीले जनाएको छ ।

द्वन्द्वले सर्वसाधारणको जीवन गम्भीररूपमा प्रभावित भएको छ । राखाइन राज्यमा हवाई आक्रमणमा श्रीमान् गुमाएकी ४९ वर्षीया थेइन आये नुले आफूले अपार पीडा भोगिरहेको र अब कसलाई दोष दिने भन्ने अवस्था पनि नरहेको बताइन् । मध्य म्यागवे क्षेत्रका अर्का एक बासिन्दाले लोकतन्त्र समर्थक विद्रोहमा सहभागी भएका आफ्ना किशोर छोराको मृत्यु भएपछि युद्धका कारण धार्मिक संस्कारसमेत पूरा गर्न नपाएको गुनासो गरे ।

संयुक्त राष्ट्रसंघका अनुसार म्यान्मामा ३७ लाखभन्दा बढी मानिस आन्तरिकरूपमा विस्थापित भएका छन् भने पाँचमध्ये एकभन्दा बढी नागरिक गम्भीर खाद्य असुरक्षाबाट प्रभावित छन् । यांगुनसहितका केही क्षेत्रमा लक्षित हत्या भइरहेका छन् भने अन्य क्षेत्रमा रुसी र चिनियाँ आपूर्तिका लडाकु विमानबाट नियमित हवाई आक्रमण भइरहेको बताइएको छ ।

एसिएलइडीका अनुसार सन् २०२५ मा प्यालेस्टिनी क्षेत्रपछि म्यान्मा विश्वकै दोस्रो सबैभन्दा बढी द्वन्द्वग्रस्त मुलुक बनेको थियो । सन् २०२३ को अन्त्यतिर विद्रोही समूहले उल्लेखनीय सफलता हासिल गरे पनि चीनको समर्थन र केही जातीय सशस्त्र समूहसँगको सहमतिपछि पछिल्लो समय सेनाले पुनः आफ्नो पकड बलियो बनाएको विश्लेषकहरूको भनाइ छ ।

फेब्रुअरी २०२४ मा सेनाले अनिवार्य सैनिक भर्ती लागू गरी करिब ५० हजार नागरिकलाई सैन्य सेवामा बोलाएको थियो । पूर्वसैनिकहरूका अनुसार पर्याप्त तालिमविनै अग्रपंक्तिमा पठाइएका धेरै भर्ती सैनिक युद्धमा ज्यान गुमाउने उच्च जोखिममा छन् ।

युद्धका कारण थाइल्याण्ड र बंगलादेशतर्फ शरणार्थीको पलायन बढेको छ । साथै, सीमावर्ती क्षेत्रमा लागुऔषध उत्पादन, तस्करी तथा सशस्त्र समूहको संरक्षणमा सञ्चालित अनलाइन ठगी केन्द्रहरू पनि तीव्ररूपमा विस्तार हुँदै गएको पर्यवेक्षकहरूले बताएका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २७७३०० | प्रति तोला – ० | प्रति तोला – ४२७० |

## गौरवका आयोजना निर्माणमा ढिलाइ

■ प्रभाव संवाददाता

**गण्डकी–** आठ वर्षअघि गण्डकी प्रदेश सरकारले प्रदेश गौरवका आयोजनाका रूपमा कास्कीको पुँडीटार र नवलपुरको लोकाहाखोलामा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको थियो । बर्सेनि प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा यी दुई आयोजना प्राथमिकताका साथ समेटिन्छन् । तर, औद्योगिक क्षेत्रका लागि जग्गा प्राप्तिको प्रक्रिया भने अझै टुंगिन सकेको छैन ।

गत वर्ष स्वीकृत गरिएको औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनलाई परिमार्जन गर्नुपरेका कारण आयोजना निर्माणमा थप ढिलाइ हुने देखिएको छ । प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयको उद्योग-वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले 'इआइए' अन्तर्गत वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न लागिएको बताए ।

आयोजना निर्माणस्थलमा कटान गर्नुपर्ने रूखको गणना गर्दा प्रतिवेदनले औंल्याएभन्दा विपरीत रूखको संख्या घटबढ भएको पाइएपछि पुनः अध्ययन गरी रूखको संख्या यकिन गर्न लागिएको हो । 'तीन वर्षअघि एआइए गर्दाको समयमा भन्दा अहिले गणना गर्दा कटान गनुपर्ने रूखको संख्या कतै कम त कतै बढी रहेको पाइयो', महाशाखा प्रमुख ढकालले भने, 'पहिले गणना गरिएका पुराना रूख ढल्दा र नयाँ बिरुवा हुर्केका कारण रूखको संख्या घटबढ भएको हो ।'

> 'वातावरणीय व्यवस्थापन योजना परिमार्जन भएपछि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढ्छ, जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको हो', उद्योग वाणिज्य महाशाखाका प्रमुख महराज ढकालले भने ।

दुवै जिल्लाका डिभिजन वन कार्यालयसँगको समन्वयमा औद्योगिक क्षेत्र निर्माणस्थलमा काट्नुपर्ने रूखको गणना गरिएको थियो । वातावरणीय व्यवस्थापन योजना परिमार्जनका लागि परामर्शदाता छनौट गरेर काम अगाडि बढाइने भएको छ । यसअघि परामर्शदाता कम्पनी गौमुखीले 'इआइए'को जिम्मा पाएको थियो ।

प्रदेशको वन तथा वातावरण मन्त्रालयले कटान गर्नुपर्ने रूखको वास्तविक सङ्ख्या यकिन गरेर पठाउन उद्योग तथा पर्यटन मन्त्रालयलाई पत्राचार गरेको महाशाखा प्रमुख ढकालले बताए । 'वातावरणीय व्यवस्थापन योजना परिमार्जन भएपछि जग्गाको भोगाधिकार लिने प्रक्रिया अगाडि बढ्छ, जग्गा प्राप्तिको प्रक्रिया लम्बिँदा औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको हो', उनले भने ।

प्रस्तावित दुवै औद्योगिक क्षेत्रको जग्गा सामुदायिक वन क्षेत्रभित्र पर्छ । औद्योगिक क्षेत्र निर्माण गर्दा काट्नु पर्ने रूखको गणनासहित क्षेत्रफल यकिन गरेर संघको वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पठाइने महाशाखाले जनाएको छ । सो मन्त्रालयबाट प्रस्ताव स्वीकृत भएपछि संघीय मन्त्रिपरिषद्बाट जग्गा भोगाधिकार दिने निर्णय हुनेछ । त्यसपछि बल्ल औद्योगिक क्षेत्र निर्माणको काम सुरु हुने जनाइएको छ ।

जग्गा प्राप्तिका लागि प्रदेश सरकारले यसअघि नै संघ सरकारको वन तथा वातावरण मन्त्रालयमा प्रस्ताव पठाएको थियो । प्रदेश सरकारले पुँडीटारमा रु ५४ करोड र लोकाहाखोलामा रु ७६ करोडको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार पारिसकेको छ । औद्योगिक क्षेत्रलाई चाहिने जग्गा नापजाँच तथा यकिन भइसकेकाले अब जग्गा उपलब्ध गराउने सम्बन्धमा संघ सरकारको निर्णयको पखाईमा प्रदेश सरकार छ ।

जग्गाको भोगाधिकार आएपछि पुँडीटारमा चार हजार ५०० रोपनी र लोकाहाखोलामा १४१ बिगाहामा औद्योगिक क्षेत्र निर्माण हुनेछ । पुँडीटार औद्योगिक क्षेत्रले कास्कीको पोखरा-३३ र तनहुँको शुक्लागण्डकी-९ को केही भू-भागलाई समेट्छ । लोकाहाखोला औद्योगिक क्षेत्र नवलपुरको कावासोती-१ र देवचुली-१० मा स्थापना हुन लागेको हो ।

पुँडीटारमा केही अव्यवस्थित बसोबास रहेको ठाउँ रहे पनि बस्तीबाहेकको जग्गालाई मात्र समेटेर 'डिपिआर' बनाइएको मन्त्रालयले जनाएको छ । प्रदेश गौरवका आयोजना निर्माणमा ढिलाइ हुँदा प्रदेश सरकारप्रति नागरिकले पनि गुनासो गर्न थालेका छन् ।

## नेप्सेमा ४४ अंकको उछाल




**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार उच्च अंकले बृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४४ दशमलव ५९ अंकले उकालो लागेर दुई हजार ६५२ दशमलव ९३ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ७७ अंकले उकालो लागेर ४५८ दशमलव ५७ मा पुगेको छ । कूल ३६२ कम्पनीको ९५ लाख ४७ हजार ६७८ कित्ता शेयर रु तीन अर्ब ८६ करोड ११ लाख ८३ हजार चार सय १० मूल्यमा खरिद बिक्री भएको छ । आज सबै उपसमूहको शेयर मूल्यमा वृद्धि भएको छ ।

कारोबारका आधारमा लक्ष्मी सनराइज बैंक शीर्ष स्थानमा छ । यस्तै, रिलायन्स स्पिनिङ मिल्स, आँखु खोला जलविद्युत् कम्पनी, एनआरएन इन्फास्ट्रक्चर एण्ड डेभलपमेन्ट र एनआइएमबी डिवेञ्चर २०९० शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, स्नो रिभर लिमिटेड, सिवाइसी नेपाल लघुवित्त, भुजुङ हाइड्रोपावर, कुर्थली बुखरी स्मल हाइड्रोपावरका लगानीकर्ताले कमाएका छन् । यस्तै, कर्पोरेट डेभलपमेन्ट बैंक, एनएमबी डिवेञ्चर, धौवागिरी लघुवित्त, अप्पर स्यांगे हाइड्रोपावर र महालक्ष्मी डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन् । बुधबार २५२ कम्पनीको शेयर मूल्य बढ्दा १७ कम्पनीको मात्रै घटेको छ । यस्तै, छ वटा कम्पनीको भने कुनै परिवर्तन भएन ।

## मार्कीचोक-भरतपुर खण्डमा असार २३ देखि विद्युत् परीक्षण सेवा

**दमौली–** मार्कीचोक-भरतपुर खण्डमा असार २३ देखि विद्युत् परीक्षण सेवा सुरु हुने भएको छ । नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइनअन्तर्गत सो सेवा परीक्षणका रूपमा सुरु गर्न लागिएको हो ।

प्राधिकरणले सार्वजनिक सूचना जारी गर्दै आउने मंगलबारदेखि उक्त प्रसारण लाइनमा २२० किलो भोल्ट क्षमताको विद्युत् प्रवाह गरी परीक्षण गरिने जनाएको छ ।

युरोपियन बैंकको ऋण सहयोग तथा नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा निर्माण गरिएको मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत मार्कीचोक-भरतपुर खण्डको निर्माण सम्पन्न भएको छ ।

राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्ने उद्देश्यले तनहुँको मार्कीचोकस्थित न्यू मर्स्याङ्दी सबस्टेसनदेखि चितवनको आँपटारीस्थित न्यू भरतपुर सबस्टेसनसम्म २२० केभी डबल सर्किट प्रसारण लाइनमार्फत विद्युत् प्रवाह गरी परीक्षण गरिने आयोजना प्रमुख नारायण रेग्मीले जानकारी दिए ।

विद्युत् प्रवाह सुरु भएसँगै प्रसारण लाइन तथा त्यससँग सम्बन्धित संरचना उच्च जोखिमयुक्त हुने भएकाले सर्वसाधारणलाई विशेष सावधानी अपनाउन आग्रह गरिएको छ ।

प्राधिकरणले प्रसारण लाइनका टावरमा नचढ्न, कुनै वस्तुले नछुन, टावर वरपर अनावश्यक रूपमा नजान तथा चौपायलाई टावर नजिक चराउन वा छोड्न नदिन अनुरोध गरेको छ ।

प्रसारण लाइनको रुट तनहुँ, गोरखा र चितवन जिल्लाका विभिन्न क्षेत्र हुँदै गएको छ । तनहुँमा आँबुखैरेनी गाउँपालिका वडा नम्बर २, ३, ४ र ५, गोरखामा गोरखा नगरपालिका-१४ यांकोट क्षेत्र तथा चितवनमा भरतपुर महानगरपालिका-२९ अन्तर्गत जुगेडी, चौकीडाँडा क्षेत्र र इच्छाकामना गाउँपालिका-६ अन्तर्गत रिग्दीखोला क्षेत्र प्रसारण लाइनको प्रभाव क्षेत्रभित्र पर्नेछन् ।

मार्कीचोक-भरतपुर प्रसारण लाइन खण्डको ठेक्का लिएको चिनियाँ कम्पनी पिङ्गाओ ग्रुप अफ कम्पनीले छनोट गरेको 'सब- कन्ट्र्याक'बाट समयमै काम सम्पन्न गरी लाइन सञ्चालनमा ल्याउने अवस्था नदेखिएपछि निजी क्षेत्रका जलविद्युत् आयोजनाले आफैँ 'सब-कन्ट्र्याक' लिएर निर्माण गरिएको हो । *रासस*

### कर्पोरेट

## जिडब्लुएम ओरा-५ लाई 'डिजाइन अफ द इयर'को अवार्ड




**काठमाडौं (प्रस)–** नेपालमा सार्वजनिक भएको एक सातामै जिडब्लुएमको नयाँ विद्युतीय एसयूभी ओरा-५ ले अटोमोबाइल बजारमा उल्लेखनीय चर्चा बटुलिरहेको बेला यसले अन्तर ाष्ट्रिय स्तरमा पनि अर्को महत्वपूर्ण सफलता हासिल गरेको छ । जिडब्लुएमको पूर्ण विद्युतीय मोडेल ओरा-५ ले प्रतिष्ठित २०२५ लन्डन डिजाइन अवाड्र्स अन्तर्गत प्रोडक्ट डिजाइन - अटोमोबाइल्स/भेहिकल्स विधामा 'डिजाइन अफ द इयर' उपाधि जित्दै आफ्नो विश्वस्तरीय डिजाइन उत्कृष्टतालाई पुनः प्रमाणित गरेको हो ।

यो सम्मानले ओरा- ५ को आकर्षक बाह्य स्वरूप मात्र होइन, अत्याधुनिक प्रविधि, प्रयोगकर्ता-केन्द्रित सोच तथा स्मार्ट गतिशीलताप्रतिको जिडब्लुएमको दृष्टिकोणलाई अन्तर्राष्ट्रिय स्तरमा थप स्थापित गरेको छ । 'प्राकृतिक सौन्दर्य'को अवधारणामा आधारित ओरा-५ ले 'प्रकृतिबाट प्रेरित, सहरका लागि निर्मित' भन्ने मूल सोचलाई आत्मसात् गर्दै जैविक प्रेरणाबाट विकसित बाह्य बनावट, आकर्षक वक्राकार संरचना, पानीको थोपा शैलीका अगाडिका बत्ती तथा एकीकृत पछाडिका बत्तीमार्फत आधुनिक सौन्दर्य र प्रविधिको उत्कृष्ट संयोजन प्रस्तुत गरेको छ ।

ओरा-५ ले एकपटकको पूर्ण चार्जमा अधिकतम ५२० किलोमिटरसम्मको यात्रा क्षमता, २०० मिलिमिटर ग्राउन्ड क्लियरेन्स, २० भन्दा बढी उन्नत चालक सहायता प्रणाली, ३६० डिग्री क्यामेरा, १८० डिग्री च्यासिस दृश्य क्यामेरा, सेल्फ-हिलिङ पेन्ट, प्यानोरामिक मुनरूफ तथा प्रिमियम इन्टेरियरसहित आधुनिक र सुरक्षित विद्युतीय ड्राइभिङ अनुभव प्रदान गर्दछ । यसको विशेष प्रारम्भिक मूल्य रु. ४६ लाख ९९ हजार बाट सुरु हुन्छ । नेपालमा सार्वजनिक भएको छोटो अवधिमै ओरा-५ ले आफ्नो आकर्षक डिजाइन, आधुनिक प्रविधि, उच्च सुरक्षा मापदण्ड तथा प्रिमियम विशेषताका कारण अटोमोबाइल बजार र सामाजिक सञ्जालमा व्यापक चर्चा बटुल्न सफल भएको छ । नेपालका लागि जिडब्लूएमका आधिकारिक आयातकर्ता तथा वितरक भीजी इम्पेक्स प्रा.लि.ले विश्वस्तरीय विद्युतीय सवारी नेपाली ग्राहकसमक्ष ल्याउने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिँदै निकट भविष्यमै नयाँ मोडल पनि नेपाल भित्र्याउने छ ।

## सन नेपाल लाइफलाई आईक्यानको 'सर्टिफिकेट अफ मेरिट'




**काठमाडौं (प्रस)–** सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आईक्यान) द्वारा प्रदान गरिने उत्कृष्ट वार्षिक प्रतिवेदन (बिपिए) अन्तर्गत सर्टिफिकेट अफ मेरिट प्राप्त गरेको छ ।

काठमाडौंस्थित होटल याक एण्ड यतीमा वि.सं. २०८३ साल असार १६ गते आयोजित विशेष समारोहमा कम्पनीलाई उक्त सम्मान प्रदान गरिएको हो । कार्यक्रममा कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत कवि फुयाल, प्रमुख वित्त अधिकृत रञ्जु लम्साल तथा वित्त विभागकी जिना लागेको उपस्थिति रहेको थियो । आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय प्रतिवेदनको उत्कृष्ट प्रस्तुति, वित्तीय पारदर्शिता, नेपाल वित्तीय प्रतिवेदन मापदण्ड तथा अन्य प्रचलित लेखा मापदण्डहरूको प्रभावकारी पालना, साथै संस्थागत सुशासनप्रतिको उच्च प्रतिबद्धतालाई मूल्यांकन गर्दै आईक्यानले कम्पनीलाई उक्त सर्टिफिकेट अफ मेरिट प्रदान गरेको हो ।

उक्त अवसरमा कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत कवि फुयालले यो सम्मान सम्पूर्ण सन नेपाल लाइफ परिवारका लागि गर्व र खुसीको विषय भएको बताए । उनले यस सम्मानले कम्पनीलाई वित्तीय पारदर्शिता, सुशासन तथा उत्कृष्ट कार्यसम्पादनलाई अझ सुदृढ बनाउन थप प्रेरणा र जिम्मेवारी प्रदान गरेको उल्लेख गरे । सन नेपाल लाइफले १५० शाखा तथा उप शाखा कार्यालयहरूबाट जीवन बीमा सेवा प्रदान गर्दै आइरहेको छ ।

## सिटिजन्स बैंकद्वारा बिश्रामपुरमा निःशुल्क आँखा शिविर




**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत मधेश प्रदेशको बिश्रामपुर गाउँपालिका, बारामा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न गरेको छ । स्वस्थ दृष्टि र उज्यालो भविष्यको लक्ष्यसहित आयोजना गरिएको यस शिविरले समुदायका नागरिकलाई गुणस्तरीय नेत्र स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने अपेक्षा गरेको छ । शिविरमा करिब ८०० जना सेवाग्राहीले निःशुल्क आँखा परीक्षण सेवा प्राप्त गरेका छन् भने परीक्षणका क्रममा करिब १५० जना मोतिबिन्दुका बिरामीको शल्यक्रिया गरिने व्यवस्था गरिएको छ ।

आषाढ १२ गते देखि १६ गते, २०८३ सम्म सञ्चालन भएको उक्त शिविर बरैनीया, छतवा, मुसहरवा, बलिरामपुर तथा नकटुवा लगायतका स्थानहरूमा आयोजना गरेको थियो । शिविरमा सहभागी हुने सर्वसाधारणले निःशुल्क आँखा परीक्षण सेवा प्राप्त गर्नुका साथै आवश्यकता अनुसार मोतिबिन्दुको शल्यक्रिया लिएका छन् । स्थानीय बासिन्दाहरूलाई समयमै आँखा परीक्षण गराई दृष्टि सम्बन्धी समस्याको पहिचान तथा उपचारमा सहभागी गराई सर्वसाधारणलाई लाभ पुऱ्याउने उद्देश्यले यो शिविर सञ्चालन गरिएको हो ।

यस कार्यक्रम मार्फत बैंकले समुदायको स्वास्थ्य सुधार, अन्धोपन न्यूनीकरण तथा जनजीवनको गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउने विश्वास लिएको छ । आगामी दिनमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायीत्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने योजना रहेको विषय जानकारी गराएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरूबाट २० लाख ३७ हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

## ग्लोबल आइएमईको 'ग्लोबल स्मार्ट प्लस' एपबाटै खाता ब्लक गर्न मिल्ने सुविधा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले डिजिटल बैंकिङ ठगी (फिसिङ र स्क्याम) बाट ग्राहकको निक्षेप सुरक्षित राख्न मोबाइल एपमा लगइन समेत गर्नु नपर्ने गरी सेकेन्डभरमै खाता रोक्का (ब्लक) गर्न सक्ने अत्याधुनिक प्राविधिक प्रणाली सञ्चालनमा ल्याएको छ । वित्तीय तथा डिजिटल साक्षरताको अभावका कारण पछिल्लो समय मुलुकभर अनलाइन ठगीका घटनाहरू तीव्र रूपमा बढेपछि यस बैंकले यस्तो सुरक्षात्मक व्यवस्था मिलाएको हो ।

बैंकका अनुसार ग्राहकहरूलाई कुनै पनि सम्भावित वित्तीय ठगी, अनधिकृत पहुँच वा खाता ह्याक भएको शङ्का लागेमा बैंकको 'ग्लोबल कनेक्ट' को आधिकारिक नम्बर ०१-५९७०६०० (वा अन्तर्राष्ट्रिय कलका लागि +९७७-१-५९७०६००) मा फोन गरेर मौखिक रूपमै खाता ब्लक गराउन सक्नेछन् । बैंकका अनुसार ग्राहक आफैंले बैंकको मोबाइल बैंकिङ एप 'ग्लोबल स्मार्ट प्लस' मार्फत सुरक्षित रूपमा खाता रोक्का गर्न सक्नेछन् ।

## गरिमा विकास बैंकलाई उत्कृष्ट वार्षिक प्रतिवेदनमा 'सिल्भर अवार्ड'




**काठमाडौं (प्रस)–** गरिमा विकास बैंकले उत्कृष्ट वार्षिक प्रतिवेदनमा सिल्भर अवार्ड पाएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) द्वारा वार्षिक रूपमा प्रदान गरिने उत्कृष्ट वार्षिक प्रतिवेदन (बिपिए) अवार्ड २०२५ मा बैंकले सिल्भर अवार्ड प्राप्त गरेको हो ।

विभिन्न कम्पनीहरूले प्रकाशित गर्ने वार्षिक प्रतिवेदनको पारदर्शिता, उत्तरदायित्व र सुशासन सम्बन्धी मापदण्डलाई आधार मानी आइक्यानको तर्फबाट प्रदान गरिने यो अवार्डमा विकास बैंकहरूले प्रकाशित गरेको आ.व २०८१/८२ को वार्षिक प्रतिवेदनको आधारमा विकास बैंक समूहबाट यस विकास बैंक उक्त अवार्डबाट सम्मानित भएको हो ।

मिति २०८३ असार १६ गते मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा आइक्यानको तर्फबाट अध्यक्ष सि.ए. निल बहादुर सारु मगरले विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्याय र लेखा विभाग प्रमुख केशव तिमल्सिनालाई उक्त अवार्ड हस्तान्तरण गरेका थिए ।

## गुरू ट्राभल्स र क्यान्सर काउन्सिलद्वारा 'क्यान्सर सचेतना' कार्यक्रम



**काठमाडौं (प्रस)–** गुरु ट्राभल्स लिमिटेड र क्यान्सर काउन्सिल नेपालको संयुक्त आयोजनामा क्यान्सर सचेतना कार्यक्रम सम्पन्न भएको छ । क्यान्सर काउन्सिल नेपालका अध्यक्ष रुद्र कडरियाको पहलमा, नयाँ बानेश्वरस्थित एन.के. सिंह मेमोरियल इङ्गिलस प्रिपरेटरी सेकेन्डरी स्कूलमा कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत 'क्यान्सर काउन्सिल नेपालद्वारा विद्यार्थीहरूमा क्यान्सर सचेतना कार्यक्रम र गुरु ट्राभल्स लिमिटेडद्वारा 'यात्रामा लगानी गर्नुहोस्' कार्यक्रम छुट्टाछुट्टै रूपमा' सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रममा विद्यालयका ७० भन्दा बढी विद्यार्थी तथा शिक्षकहरूको उत्साहजनक सहभागिता रहेको थियो। सार्वजनिक स्वास्थ्य र पर्यटन जस्ता राष्ट्रिय महत्वका विषयमा विद्यार्थीहरूलाई जानकारी प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा प्रस्तुतीकरण, शैक्षिक भिडियो प्रदर्शन तथा अन्तरक्रियात्मक प्रश्नोत्तर सत्रमार्फत सहभागीहरूलाई व्यवहारिक तथा उपयोगी जानकारी प्रदान गरिएको थियो । क्यान्सरसम्बन्धी सचेतना सत्रमा डा. किशोर कुमार प्रधानांग तथा डा. आज्ञा प्रधानांगले क्यान्सरका प्रारम्भिक लक्षणहरू, रोगबाट बच्ने उपायहरू, स्वस्थ जीवनशैली अपनाउने महत्व, सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने जोखिम, समयमै स्वास्थ्य परीक्षण तथा प्रारम्भिक पहिचानको आवश्यकता, क्यान्सरसँग सम्बन्धित भ्रम र यथार्थ तथा नियमित स्वास्थ्य परीक्षणको महत्वबारे विस्तृत जानकारी दिएका थिए । उनीहरूले स्वस्थ जीवनशैली अपनाएमा धेरै प्रकारका क्यान्सरबाट बच्न सकिने सन्देशसमेत दिए ।